सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ असोज २०८०, मंगलबार (3 Oct 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १७३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा लापरबाही

नौ महिनाअघि २७ करोडमा किनिएको बिरामीको घाउ सेक्ने मेसिन प्रयोगमै ल्याइएन

पश्चिम नेपालको एक मात्र क्यान्सर अस्पतालले मेसिन थन्क्याएर घाउ सेक्नुपर्ने बिरामीलाई भरतपुर र भक्तपुर रेफर गर्दै आएको छ



२७ करोडमा गत पुसमा किनिएको 'लिन्याक' मेसिन

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

पश्चिम नेपालको एक मात्र क्यान्सर अस्पताल बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर अस्पतालले क्यान्सरका बिरामीको घाउ सेक्न प्रयोग हुने २७ करोडको 'लिन्याक' मेसिन नौ महिनादेखि थन्क्याएर राखेको छ। स्वास्थ्य मन्त्रालयको अनुदानमा गत वर्ष पुसमै ल्याइएको मेसिन अहिलेसम्म सञ्चालनमा नल्याएको हो।

उक्त मेसिन थन्क्याउँदा घाउ सेक्नुपर्ने क्यान्सरका बिरामीलाई अस्पतालले भरतपुर र भक्तपुर रेफर गर्दै आएको छ। क्यान्सरको घाउको बाहिरी सेकाइमा प्रयोग हुने मेसिन सञ्चालनमा नआउँदा बिरामीलाई भरतपुर क्यान्सर अस्पताल र भक्तपुर क्यान्सर अस्पतालमा रेफर गरिँदै आएको अस्पतालका निर्देशक डा. नीरज भट्टराईले बताए। उनका अनुसार हरेक महिना घाउ सेकाउनुपर्ने २० बिरामीलाई अन्यत्र रेफर गरिँदै आएको छ।

'अप्रेसन गरेर सेकाइ गर्न नपर्ने बिरामीलाई यहीँ अप्रेसन गर्छौं। अप्रेसनलगत्तै सेकाइ गर्नुपर्ने देखियो भने भरतपुर र भक्तपुर क्यान्सर अस्पतालमा पठाउँछौं,' उनले भने। चिकित्सकहरूका अनुसार क्यान्सरका बिरामीको घाउ अप्रेसनअघि र पछि सेकाउनुपर्छ।

लेक्टा कम्पनीको लिन्याक मेसिन

» पृष्ठ ११ मा क्रमशः

आयातकर्ताले टेन्डर सम्झौतामा दिएको स्पेसिफिकेसन कोडभन्दा फरक मेसिन ल्याएपछि जडान नगरिएको हो

● **डा. नीरज भट्टराई,** निर्देशक, सुशील कोइराला प्रखर अस्पताल



लेक्टा कम्पनीको लिन्याक मेसिन नेपालस्थित मेडिसोलुसन प्रालिले आयात गरेको हो। टेन्डरका बेला आयातकर्ताले बुझाएको एसएस कोडअनुसार मेसिन उपलब्ध नगरेपछि जडान नभएको बताए। सम्झौतामा उल्लेख भएको देश र स्पेसिफिकेसन कोडमा फरक देखिएपछि मेसिन जडान गर्ने कुरै भएन। मेसिन खरिदबापतको कुल २७ करोडमध्ये ६० प्रतिशत भुक्तानी भइसकेको छ। थप भुक्तानी रोकिएको छ। सम्झौता भएपछि १० प्रतिशत, भन्सारमा आएपछि ५० प्रतिशत, अस्पतालमा पुगेपछि २० प्रतिशत र मेसिन सञ्चालनमा आएपछि २० प्रतिशत रकम दिने सम्झौतामा उल्लेख छ। हामीले अप्रेसन गरेर सेकाइ गर्न नपर्ने बिरामीलाई यहीँ अप्रेसन गर्छौं। अप्रेसनलगत्तै सेकाइ गर्नुपर्ने देखियो भने भरतपुर र भक्तपुर क्यान्सर अस्पतालमा पठाउँछौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पेमेन्ट गेटवे खरिदमा २३ करोड २७ लाख भ्रष्टाचार

बहालवाला उद्योगसचिव र टेलिकमका प्रबन्ध-निर्देशकसहित नौविरुद्ध मुद्दा



मधुकुमार मरासिनी
सचिव, उद्योग मन्त्रालय



सुनील पौडेल
प्रबन्ध-निर्देशक, नेपाल टेलिकम



सञ्जय शर्मा
पूर्वसचिव, विज्ञान तथा प्रविधि

■ मरासिनी भन्छन्- ममाथि अन्याय भयो

यो निर्णय प्रक्रियामा कतै पनि मेरो हस्ताक्षर छैन। कम्प्युटर अधिकृतले इन्ट्री गरेका छन्। बजेट भनेको संसद्ले बनाएको कानुन हो। बजेट बनाउने अर्थ मन्त्रालयमा टिम नै हुन्छ। बजेट विनियोजनमा एक सहसचिवको कति भूमिका हुन्छ सबैलाई थाहा नै छ, त्यसकारण ममाथि अन्याय भएको छ। बजेट वक्तव्यको बुँदा नम्बर १८३ मा परेको यो कार्यक्रमका लागि रातो किताबमा विनियोजन प्रस्ताव भएको छ। यसर्थ, सचिवको नेतृत्वमा लेखिने बजेट टिममा छलफल भएरै विनियोजन प्रस्ताव भएको देखिन्छ। र, यो बजेट निर्माणको नितान्त स्वाभाविक प्रक्रिया हो।

सुवास भट्ट/नयाँ पत्रिका

नेसनल पेमेन्ट गेटवे खरिदमा २३ करोड २७ लाख ५८ हजार घोटाला भएको निष्कर्षसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उद्योगसचिव मधुकुमार मरासिनी (अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन प्रमुख), नेपाल टेलिकमका प्रबन्ध-निर्देशक सुनील पौडेल र पूर्वसचिव सञ्जय शर्मासहित नौजनाविरुद्ध मुद्दा दायर गरेको छ। ६ वर्षअघि खरिद गरिएको नेसनल पेमेन्ट गेटवे अहिलेसम्म प्रयोगमा आउन नसकेको, आवश्यक पूर्वाधार नै तयार नगरी अस्वाभाविक लागत स्वीकृत गराई २५ करोडमा खरिद गरी सरकारको सम्पत्ति हानि-नोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्दै उनीहरूविरुद्ध सोमबार मुद्दा दायर गरेको हो।

गेटवे सञ्चालनको निर्देशिकासमेत हालसम्म स्वीकृत हुन सकेको छैन, जसकारण सञ्चालनमा कानुनी, कार्यक्षेत्र र नियमनमा अस्पष्टता छ। नेपाल राष्ट्र बैंकद्वारा गठित कार्यदलले गेटवेको प्रणालीलाई 'नेसनल पेमेन्ट स्विच'का रूपमा सञ्चालन गर्न सकिने अवस्था नरहेको प्रतिवेदन दिएको थियो।

अनियमिततामा संलग्न भएको आरोपमा अख्तियारले सचिव मरासिनीसहित तत्कालीन

» पृष्ठ ११ मा क्रमशः

■ चार महिनामा तीन बहालवाला सचिव र ६ पूर्वसचिवविरुद्ध मुद्दा



टेकनारायण पाण्डे



कृष्णबहादुर राउत



छविराज पन्त



दीप बस्न्यात



दिनेशहरि अधिकारी



रवीन्द्रमान जोशी



नारायणगोपाल मलेगो

पछिल्ला चार महिनामा सरकारका तीन बहालवाला र ६ पूर्वसचिवविरुद्ध भ्रष्टाचार, किर्ते र ठगी मुद्दा दायर भएको छ। पदमै रहेका मधु मरासिनी, टेकनारायण पाण्डे र कृष्णबहादुर राउत तथा पूर्वसचिवहरू छविराज पन्त, दीप बस्न्यात, दिनेशहरि अधिकारी, रवीन्द्रमान जोशी र नारायणगोपाल मलेगोविरुद्ध मुद्दा दायर भएको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मरासिनीविरुद्ध अख्तियारले नेसनल पेमेन्ट गेटवे खरिदमा अनियमितता गरेको प्रकरणमा सोमबार मात्रै मुद्दा दायर गरेको छ। यही मुद्दामा पूर्वसचिव सञ्जय शर्मा पनि प्रतिवादी छन्।

उपराष्ट्रपति कार्यालयमा कार्यरत रहेका वेला सचिव पाण्डेमाथि गृहसचिव रहँदा नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिकामा पठाउन संलग्न रहेको आरोपमा मुद्दा दायर भएको छ। उनी पुर्पक्षका लागि थुनामै छन्। यो ठगीमा संलग्न ३० अभियुक्तविरुद्ध २८ करोड ८१ लाख ७४ हजार रुपैयाँको बिगो दाबीसहित जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले गत १० जेठमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो। उनीसँग एक करोड २४ लाख ५० हजार रुपैयाँ बिगो माग दाबी गरिएको छ। सरकारी वकिल कार्यालयले घटनामा संलग्न पाण्डेसहित पाँच अभियुक्तलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार अनुसन्धान प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिससमेत गरेको छ।

» पृष्ठ ११ मा क्रमशः

■ गत वर्ष मात्रै सचिवदेखि सहयोगीसम्मका ३५९ कर्मचारीविरुद्ध अख्तियारले दायर गऱ्यो भ्रष्टाचार मुद्दा

पृष्ठ २

■ तीनकुनेको सामूहिक हत्याका अभियुक्तको सनसनीपूर्ण बयान

थप अनुसन्धान गर्न प्रहरीलाई चाहियो अमेरिकामा मात्रै प्रयोगमा आएको ब्रेन फिंगरप्रिन्ट



(विस्तृत पृष्ठ ३)



कर्नर किक

● रवि मिश्र



आपराधिक पृष्ठभूमिका व्यक्तिको कैद मिनाहाबारे रास्वपाको राष्ट्रपतिसँग गुनासो

नयाँ पत्रिका



कैदी मिनाहाबारे गुनासो गर्न शीतलनिवास पुगेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरूलाई राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो संवैधानिक सीमा र दायित्व सम्झाएका छन्। साथै गृह मन्त्रालय, सरकार र संसद् छाडेर सीधै आएकोमा पनि राष्ट्रपति पौडेलले असन्तुष्टि जनाएका छन्।

राष्ट्रपति पौडेलले सरकारले सबै प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्बाट पास गरी ल्याएको विषय राष्ट्रपतिले इन्कार गर्न नसक्ने संवैधानिक व्यवस्था रहेको स्पष्ट पारेका छन्। संविधान दिवसमा बाँकी कैद मिनाहा गरिएको विषयमा सरकारको ध्यानाकर्षण गराइदिन अनुरोध गर्न गएका रास्वपा सभापति रवि लामिछानेसहितको प्रतिनिधिमण्डललाई राष्ट्रपति पौडेलले आफ्नो

» पृष्ठ ११ मा क्रमशः

सशस्त्र प्रहरीका उच्च अधिकारीको पदावधि घटाउने प्रस्ताव

उच्च पदको पदावधि धेरै हुँदा तल्लो तहको अधिकृतको बढुवामा ढिलाइ भएको र वृत्ति विकासमा असर परेको निष्कर्ष

नवराज मैनाली/नयाँ पत्रिका

सशस्त्र प्रहरी बलका महानिरीक्षकसहित उच्च अधिकारीको पदावधि घटाउने प्रस्ताव अघि बढेको छ। उच्च पदको पदावधि धेरै हुँदा तल्लो तहको अधिकृतको बढुवामा ढिलाइ भएको र वृत्ति विकासमा असर परेको निष्कर्षसहित सशस्त्र प्रहरी सेवा ऐनको नयाँ मस्यौदा अघि बढेको छ।

सशस्त्र प्रहरी बलकै सिफारिसअनुसार गृह मन्त्रालयले ऐनको मस्यौदा रायका लागि अघि बढाएको हो। मस्यौदा हाल कानुन, न्याय तथा संसदीय मन्त्रालयमा रायका लागि पुगेको छ। उच्च अधिकारीको पदावधि घटाउने प्रावधान

» पृष्ठ ११ मा क्रमशः



महानिरीक्षक
हाल : ४ वर्ष
प्रस्तावित : ३ वर्ष



अतिरिक्त महानिरीक्षक
हाल : ४+१ वर्ष
प्रस्तावित : ३ वर्ष



नायब महानिरीक्षक
हाल : ४+१ वर्ष
प्रस्तावित : ३ वर्ष

असइमा भर्ना बन्द हुने ?

सशस्त्र प्रहरीले प्रशासनतर्फ सहायक निरीक्षक (असइ)मा भर्ना नलिने नीति लिएको छ। सशस्त्र प्रहरीको ऐन संशोधन मस्यौदामा यो प्रावधान राखिएको छ। हाल असइका रिक्त पदमध्ये ६०% मा खुला प्रतिस्पर्धाबाट र ४०% पदमा आन्तरिक बढुवाबाट पदपूर्ति हुन्छ। असइमा भर्ना लिँदा जवानमा भर्ना भएका प्रहरीको करिअर प्रभावित भएको निष्कर्षका आधारका शतप्रतिशत पदपूर्ति बढुवाबाट गर्न लागिएको छ। तर, यो प्रावधानले कनिष्ठ अधिकृत तहमा भने युवा जनशक्ति हुनेछैनन्।

इन्द्रजात्राको अन्तिम दिन : आठ सय महिलाले ताने रथ

शान्ति तामाङ/नयाँ पत्रिका

इन्द्रजात्राको अन्तिम दिन नानिचाः (नेवारी भाषामा नानी अथवा महिलाले रथ तान्ने)मा आठ सयजना महिलाले रथ तानेका छन्। कुमारी, गणेश र भैरवका तीनवटा रथलाई आठ सय महिलाको समूहले तानेका हुन्।

प्रत्येक रथको मुख्य जिम्मेवारी चार-चारजना महिलाले लिएका थिए। वसन्तपुरको कुमारीघरबाट सुरु भएको रथयात्रा प्याफल, यटखा, नरदेवी, किलाघः, भेडासिङ, इन्द्रचोक, मखन, हनुमानढोका हुँदै कुमारीघरमै आएर पूरा भएको थियो। अघिल्ला वर्षहरूमा झैँ यो वर्ष पनि उल्लाहमयपूर्ण तरिकाले रथयात्रा सम्पन्न भएको महिला परिचालन संयोजक नानीहिरा महर्जनले बताइन्। 'एक महिनादेखि व्यवस्था मिलाउँदै रथयात्रा सम्पन्न गर्न सफल भएका छौँ,' संयोजक महर्जनले भनिन्, 'पहिला हामीले रथ तान्ने कुरा गर्दा जान्नेहरू, नचाहिने काममा हात हाल्यो भनेर आलोचना हुन्थ्यो। हामीले सुरु गर्दा डराई-डराई गरेका थियौँ। तर, अहिले हामीप्रति सकारात्मक छन्। रथ तान्ने दिन हाम्रो टिम यति छ भनेर जानकारी नै दिन्छन्।' उनका अनुसार सुरुका वर्षमा महिलाहरू रथ तान्न आउन डराउँथे। हिम्मतिला महिला मात्र आउँथे। दोस्रो, तेस्रो वर्षपछिचाहिँ जो पनि आउँछु भनेर स्वतः स्फूर्त तरिकाले आउन थालेका हुन्। हाल नानिचाःको दिन सहभागी ९९ प्रतिशत नेवार महिला थिए भने थोरै मात्र गैरनेवार समुदायका छन्।'



● **नानीहिरा महर्जन**, संयोजक, महिला परिचालन

सुरुको वर्ष किलागलसम्म मात्र महिलालाई रथ तान्न दिने सहमति भएको थियो। तर, सजिलोसँग रथ तानेछि त्यो साल एउटा रथ पूरै रुट घुमाउन पायौँ। दोस्रो सालदेखि भने तीनवटै रथ तान्न थालेका हौँ। रथयात्रामा २० वर्षभन्दा माथि र ६० वर्षभन्दा कम उमेरका महिला सहभागी भएका थिए। यसमा धेरै युवा उमेरका थिए।

करिब ११ वर्षअघि अर्थात् ०६९ सालदेखि इन्द्रजात्राको अन्तिम दिन नानिचाः हुन थालेको हो। इन्द्रजात्रा व्यवस्थापन समितिका सल्लाहकार स्व. मोहनकृष्ण डंगोलले महिलाले पनि रथ तान्ने प्रस्ताव अघि बढाएका थिए। सोहीअनुसार नानीहिरा महर्जन, सजनी महर्जन, ज्ञानशोभा महर्जनलगायतको १३ समूह बनेको थियो। यी महिलाको समूहले सुरु गरेको रथ तान्ने काम यसपटकसहित गरेर ११औँपटक हो। तर, तीनवटै रथ तान्न थालेको भने १०औँपटक मात्र भएको छ। सुरुको वर्ष एउटा मात्र रथ तान्ने अवसर पाएका महिलाले दोस्रो वर्षदेखि अरू दुई रथ तान्न पाए। 'सुरुको वर्ष किलागलसम्म मात्र महिलालाई रथ तान्न दिने सहमति भएको थियो। तर, सजिलो तरिकाले रथ तान्न सकिने भएपछि त्यो साल एउटा रथ पूरै रुट घुमाउन पायौँ। दोस्रो सालदेखि भने तीनवटै रथ तान्न थालेका हौँ,' संयोजक महर्जनले भनिन्। रथयात्रामा २० वर्षभन्दा माथि र ६० वर्षभन्दा कम उमेरका महिला सहभागी भएका थिए। यसमा धेरै युवा उमेरका थिए।

गत मंगलबार हनुमानढोका दरबारपरिसरमा इन्द्रध्वजासहितको लिंगो ठड्याइएसँगै इन्द्रजात्रा सुरु भएको थियो। लिच्छविकालीन राजा गुणकामदेवका पालादेखि जात्रा चलिआएको मानिन्छ। जीवित देवी कुमारीको पूजा गर्ने र शाक्य थरकी कन्यालाई देवीका रूपमा पूजा गर्ने चलनलाई मल्लकालसँग जोडेर हेर्ने गरिएको छ। तत्कालीन राजामा तान्त्रिक शक्ति भएकाले उनले देवीसँगको नियमित भेट गर्ने गरेको, देवीसँगै खेल खेल्ने गरेको, भेटघाटका क्रममा राजाका मनमा भोग र वासना उब्जिएपछि देवीबाट श्राप प्राप्त गरेकोलगायत किंवदन्ती यससँग जोडिएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर, कैलालीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०६/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:
चोङ्गागाली महतौको नाति, बाबुराम महतौ/चोट्कनिया महतौको छोरा, आशा देवी महतोको पति, कैलाली जिल्ला, जोशिपुर गा.पा., वडा नं. ०३ (साबिक कैलाली जिल्ला जोशिपुर गा.बि.स. वडा नं. ०३) बस्ने **ज्ञान प्रसाद महतौ** (ना.प्र.नं.१५०२/५२३, जारी मिति २०४५/०२/०३, जिल्ला प्रशासन कार्यालय कैलाली)।

व्यक्तिगत जमानीकर्ताको विवरण :
१. राम बहादुर डगौराको नातिनी, गर्भु डगौरा/चिलिया डगौराको छोरी, बाबुरा महतौ/चोट्कनिया महतौको बुहारी, ज्ञान प्रसाद महतौको पत्नी, कैलाली जिल्ला, जोशिपुर गा.पा., वडा नं. ०३ (साबिक कैलाली जिल्ला, जोशिपुर गा.वि.स. वडा नं.०३) बस्ने **आशा देवी महतो** (ना.प्र.नं. ६७२०३९/५१२११, जारी मिति २०७१/१२/११, जिल्ला प्रशासन कार्यालय कैलाली)।

धितो सुरक्षणको विवरण
१. **ज्ञान प्रसाद महतौ**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, लालपुरवाणी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. १४८ र ३२४ को क्षेत्रफल क्रमशः ३५५५.७१ र ३३८६.४० (व.मी) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैँका लागि

शाखा कार्यालय जोशीपुर, कैलाली फोन नं. ०९१-४०१०७२/७३

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जुम्लाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०६/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०४/१० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
मनसुर शाहीको नाती, नौलासिंह शाहीको छोरा, जुम्ला जिल्ला, साविक सिंजा गा.पा./न.पा. वडा नं. ३ बस्ने **गगन बहादुर शाही** (ना.प्र.नं. ७६६६/६०३०२४/५८१, जारी मिति २०७०/०१/२५, जि.प्र.का. जुम्ला)।	नौलासिंह शाहीको बुहारी, गगन बहादुर शाहीको पत्नी, जुम्ला जिल्ला, साविक सिंजा गा.वि.स./न.पा. वडा नं. ३ बस्ने **कल्पना मल्ल शाही** (ना.प्र.नं. २५६३/४०६, जारी मिति २०४५/११/०५, जि.प्र.का. जुम्ला)।

धितोको विवरण

१. मनसुर शाहीको नाती, नौलासिंह शाहीको छोरा, जुम्ला जिल्ला, साविक सिंजा गा.पा./न.पा. वडा नं. ३ बस्ने गगन बहादुर शाही (ना.प्र.नं. ७६६६/६०३०२४/५८१, जारी मिति २०७०/०१/२५, जि.प्र.का. जुम्ला) को नाममा मालपोत कार्यालय जुम्लामा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारीत भई बैंकको पक्षमा रोक्का समेत रहेको जुम्ला जिल्ला, नराकोट गा.वि.स./न.पा. वडा नं. १/क स्थित कित्ता नं.. ६७५ को क्षेत्रफल ३१९० (वर्ग मिटर) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी गगन बहादुर शाही कायम भएको कर्णाली प्रदेश, यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको तपसिल बमोजिमका सवारी साधन :

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	ईन्जिन नं.	च्यासिस नं.
ASHOK LEYLAND ECOMANT 1212/L.TRUCK	कर्णाली प्रदेश ०२-००१ ख ०२४३	2019	KHHZ105471	MD1AUGAC1KRGB-6953

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय जुम्लाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०६/३० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय जुम्लामा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०७/०१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय जुम्लामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय जुम्लामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : जुम्ला
फोन नं. ०८७-५२०६७३
Website : www.siddharthabank.com

शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०६/१६

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडलाई निम्न विवरणको सामाग्री/प्याकेज आवश्यक भएको हुँदा सम्बन्धित विषयमा कारोवार/सेवा प्रवाह गर्न स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुले निम्न उल्लेखित कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन (२०८०/०६/३०) भित्र यस कम्पनीको सामान्य सेवा विभाग, केन्द्रिय कार्यालय, कमलादीमा शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सो दिन बिदा परेमा त्यस पछि कार्यालय खुलेको दिन ५:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला भइसक्नु पर्नेछ।

S.N.	Product	Quantity	Remark
1	Bag	3000/5000	Embedded with Nepal Life Logo
2	Diary	8000/10000	Embedded with Nepal Life Logo
3	Wind Cheater	3000/5000	Embedded with Nepal Life Logo
4	Wall Clock	3000/5000	Embedded with Nepal Life Logo
5	Umbrella	3000/5000	Embedded with Nepal Life Logo
6	Sipper	3000/5000	Embedded with Nepal Life Logo
7	Water Bottle	3000/5000	Embedded with Nepal Life Logo
8	Leather Bag	3000/5000	Embedded with Nepal Life Logo
9	Vacuum Flask	3000/5000	Embedded with Nepal Life Logo
10	Hot Case	3000/5000	Embedded with Nepal Life Logo
11	Dinner Plate	3000/5000	Embedded with Nepal Life Logo
12	T-Shirt	3000/5000	Embedded with Nepal Life Logo

S.N.	Tour Package	PAX	Month
1	Kalinchowk Tour	400-600	Mangsir, 2080
2	Ranimahal Tour	150-250	Poush, 2080

आवश्यक कागजातहरु :
- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- कार्यदक्षता अनुभवको प्रमाणपत्रको प्रतिलिपि

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
जिवनकि जीवन अमूल्य छ...

रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-५९७०९७१
इमेलः info@nepallife.com.np
वेबसाइटः www.nepallife.com.np

वलेफी हाइड्रोपावर लि.

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा.वडा नं.१२, काठमाडौं फोन नं. : ०१-५९०५००३/९८५१२७४७२८
Website: www.balephihydro.com, Email: info.balephi@gmail.com

दशौं र एघारौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/६/१६

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०५/२४ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस वलेफी हाइड्रोपावर लि.को दशौं र एघारौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

वार्षिक साधारणसभा हुने मिति, समय र स्थान
मिति : २०८०/०६/१८ (तदनुसार Oct 5th, 2023)
समय : बिहान ११:३० बजे।
स्थान : आम्रपालि ब्याङ्क्वेट, नक्साल भाटभटेनी नजिकै, काठमाडौं।

छलफलका विषयहरु

क) सामान्य प्रस्तावहरु :
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ र २०७८/०७९ को वार्षिक वित्तीय विवरण आषाढ मसान्त २०७८ र आषाढ मसान्त २०७९ मा समाप्त भएको वर्षको वासलात, आ.व.२०७७/०७८ र २०७८/०७९ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, इक्यूटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगाएत वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. संचालक समितिको पुर्नगठन तथा सर्वसाधारण र स्वतन्त्र संचालकको नियुक्ति गर्ने सम्बन्धमा।

ख) विशेष प्रस्ताव :
१. कम्पनीको पूँजी वृद्धि गर्ने सम्बन्धमा।
२. कम्पनीको ठेगाना परिवर्तन सम्बन्धमा।
३. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा।
४. कर्जा सिमा वृद्धिको स्विकृति गर्ने सम्बन्धमा।

ग) विविध :
१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०६/०५(तदनुसार २०२३/०९/२२) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीसकेको छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८०/०६/०५(तदनुसार २०२३/०९/२२) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधीहरु सो सभामा भाग लिन योग्य रहनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरीएको छ। आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको web site: www.balephihydro.com मा पनि हेर्न सक्नुहुने छ।
४. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरीसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधी मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरीएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्दछ।
५. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ।
६. छलफलका विषय सुचि मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इन्छुक शेयरधनीले सभा हुनु भन्दा ७(सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरीदिनुहुन अनुरोध छ।
८. निर्वाचन र अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा. वडा नं.१२, टेकु, काठमाण्डौं वा फोन ९८५१२७४७२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

ठमेल रातभरि खोल्न दिने तयारी

काठमाडौं/ रात्रि व्यवसायको केन्द्र रहेको ठमेलमा रातभरि व्यवसाय सञ्चालन गर्न दिन प्रहरीले तयारी थालेको छ। शान्तिसुरक्षाको अवस्था थप चुस्त बनाई रात्रिकालीन व्यवसाय सञ्चालनमा प्रहरी-प्रशासन उदार बन्न लागेको हो।

विगतमा नै जिल्ला सुरक्षा समितिले यससम्बन्धी निर्णय गरिसकेको छ। तर, पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। गत ३१ भदौमा सो निर्णय कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले फेरि परिपत्र गरेपछि प्रहरीले त्यहाँको शान्ति सुरक्षाको जोखिम मूल्यांकन गरी त्यहीअनुसार तयारी थालेको हो।

> शान्तिसुरक्षाको अवस्था थप चुस्त बनाई रात्रिकालीन व्यवसाय सञ्चालनमा प्रहरी-प्रशासन उदार बन्न लागेको हो

जिल्ला प्रहरीपरिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक(एसएसपी) भूपेन्द्रबहादुर खत्री ठमेल क्षेत्रलाई रातभरि सञ्चालन गर्न दिने तयारी भइरहेको बताउँछन्। 'ठमेललाई २४सै घन्टा खोल्ने पक्षमा हामी छौँ,' उनी भन्छन्, 'यसका लागि सरोकारवालासँग छलफलमा छौँ, शान्ति सुरक्षामा पूर्ण तयारी गरेपछि कार्यान्वयनमा जान्छौँ।' खासगरी सिसिक्यामरालगायत प्रविधिको प्रयोगबाट शान्ति सुरक्षा बलियो बनाउने र सम्बन्धित व्यवसायीलाई नै थप जिम्मेवार बनाउने प्रहरीको योजना छ।

१३ मंसिर २०७९ को जिल्ला सुरक्षा समितिको बैठकले नै ठमेलमा व्यवसाय गर्ने समय बढाएको थियो। सो बैठकले क्लब र डिस्को ४ बजेसम्म, डान्सबार, दोहोरी तथा लाउन्ज बारलाई २ बजेसम्म सञ्चालन गर्न दिने निर्णय गरेको थियो। अन्य रेस्टुरेन्टलाई १२ बजे र मदिरा पसललाई १० बजेको समयसीमा तोकिएको छ। तर, यो निर्णय कार्यान्वयन हुन सकेको छैन। केही पहुँचवाला व्यवसायीले मात्र रातभरि सञ्चालन गर्दै आएका छन्।

ठमेल विकास पर्यटन परिषद्का अध्यक्ष भवी शर्मा ठमेलमा रातभरि व्यवसाय चलाउन गृह र पर्यटन मन्त्रालयसँग समन्वय भइरहेको बताउँछन्। 'सुरक्षित र मर्यादित तरिकाले रातभरि व्यवसाय चलाउन आचारसंहिता बनाउन सबै पक्षसँग छलफल गरिरहेका छौँ,' उनले भने, 'रातभरि चलाउने र भेहिकल फ्री जाने बनाउनेलगायत विषयमा तयारी भइरहेको छ।'

म्याद नाघेको बियर बेच्ने वितरकलाई दुई लाख जरिवाना

काठमाडौं/ काठमाडौं महानगरपालिकाले म्याद नाघेको बियर बेच्ने वितरकलाई दुई लाख जरिवाना गरेको छ। महानगरले म्याद नाघेको बियर बेच्ने न्यु भीम स्टोरलाई सोमबार दुई लाख रुपैयाँ जरिवाना गरेको हो। स्टोरले बजार व्यवस्थापन तथा अनुगमन ऐन, ०७७ को दफा २९ बमोजिम कसुर गरेकाले जरिवाना गरिएको महानगरले जनाएको छ। चाडबाड नजिकिएसँगै महानगरले अनुगमन बढाएको छ भने कारबाहीस्वरूप जरिवाना गर्ने गरेको छ।

Invitation for Bids

Kumari Bank Ltd.
Invitation for Bids for the Construction of Corporate Building for Kumari Bank Ltd. at Naxal, Kathmandu
Contract Identification No.: KBL/W/NCB/01/2080-81
First Date of publication: 2080/06/10 (2023/09/27)
Second Date of publication: 2080/06/16 (2023/10/03)

1. **Kumari Bank Ltd. has allocated funds** towards the cost **for the Construction of Corporate Building for Kumari Bank Ltd. at Naxal, Kathmandu** and intends to apply part of the funds to cover eligible payments under the Contract **the Construction of Corporate Building for Kumari Bank Ltd. at Naxal, Kathmandu; Contract Identification No. KBL/W/NCB/01/2080-81.** Bidding is open to all eligible as per Section V of bidding document.
2. **Kumari Bank Ltd.** invites sealed bids from eligible bidders for **the Construction of Corporate Building for Kumari Bank Ltd. at Naxal, Kathmandu** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NPR 641.29 million**
   - Minimum Work experience of similar size and nature: Participation as Prime contractor, Management contractor, in at least Two (2) Contract for RCC Frame Structure Building with double basement within the last ten (10) years, with a value of at least **NPR 750 million** in a single building project that have been successfully or are substantially completed and that are similar to the proposed works.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kumari Bank Ltd., Tangal, Kathmandu, Nepal, Telephone No.: +977 14543075, 14543076, 14543077/ 9851142620 and email: *bcp@kumaribank.com*
5. A complete set of Bidding Documents may be purchased from the Kumari Bank Ltd., Tangal, Kathmandu, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR 20,000.00 till **2080/07/13 (Oct. 30, 2023)** during office hours.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Kumari Bank Limited
   Name of Office : Kumari Bank Limited
   Account Name: Bid Amount Deposit
   Office Account no.:0314504001053
6. Pre-bid meeting shall be held at **General Administration Department, Kumari Bank Limited, Corporate Office, Tangal, Kathmandu at 14:00 hrs. 2080/07/01 (Oct. 18, 2023).**
7. Sealed bids must be submitted to the office Kumari Bank Ltd., Tangal, Kathmandu, Nepal by hand on or before **12:00 hrs** on **2080/07/14 (Oct. 31, 2023)**. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hrs. on 2080/07/14 (Oct. 31, 2023)** at General Administration Department, Kumari Bank Ltd., Tangal, Kathmandu, Nepal. Bids must be valid for a period of 120 (one hundred twenty) days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NPR 25 million,** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Bank reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैँका लागि

Kumari Bank Limited, General Administration Department, Tangal, Kathmandu, Nepal
P.O. Box: 21128, Phone No.:977-1-4543075, 4543076
Email: bcp@kumaribank.com, URL: www.kumaribank.com, SWIFT: KMBLNPKA

■ तीनकुनेको सामूहिक हत्याका अभियुक्तको सनसनीपूर्ण बयान

थप अनुसन्धान गर्न प्रहरीलाई चाहियो अमेरिकामा मात्रै प्रयोगमा आएको ब्रेन फिंगरप्रिन्ट



■ **भूपेन्द्र खत्री**, एसएसपी

तीनकुने सामूहिक हत्याको अनुसन्धान भइरहेको छ। अभियुक्तले सनसनी खेद बयान दिइरहेको छ, जसलाई पत्ता लगाउन मस्तिष्ककै 'म्यापिङ' गर्नुपर्ने देखिएको छ। तर, हामीकहाँ त्यो प्रविधि छैन। यद्यपि, चिकित्सकसँग यस विषयमा छलफल भने भइरहेको छ।

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौंको तीनकुनेस्थित दिव्य सःमिलमा भएको सामूहिक हत्याका अभियुक्त २३ वर्षीय सञ्जय भण्डारी फरक क्षमता (बोल्न नसक्ने)का छन्। तर, उनले सहयोगीमार्फत दिएको बयान यति सनसनीपूर्ण छ, जसको अनुसन्धान गर्न प्रहरीलाई यतिबेला अत्याधुनिक ब्रेन फिंगरप्रिन्ट (बिएफ) आवश्यक देखिएको छ। उनले १६ जनाको हत्या गरेको बयान दिएपछि प्रहरीले अनुसन्धानको घेरा फराकिलो पारेको छ।

ब्रेन फिंगरप्रिन्ट मस्तिष्कभित्र संग्रहित तरंग मापन गरी भण्डारण भएका सूचना पत्ता लगाउने अपराध अनुसन्धानको अत्याधुनिक प्रविधि हो। यसमा इयजी (इलेक्ट्रोइन्सेफलोग्राम)मार्फत मस्तिष्कलाई सक्रिय तुल्याइन्छ। र, घटनास्थल, आतंकवादजन्य तालिम र बम बनाउने सीपलगायतका विषयसँग सम्बन्धित सूचना शब्द र दृश्यमार्फत उतारिन्छ।

तीनकुने सामूहिक हत्याको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले अभियुक्त भण्डारीको केसमा ब्रेन फिंगरप्रिन्टको आवश्यकता खट्किएको बताए। 'तीनकुने सामूहिक हत्याको अनुसन्धान भइरहेको छ। अभियुक्तले सनसनीखेद बयान दिइरहेको छ, जसलाई पत्ता लगाउन मस्तिष्ककै 'म्यापिङ' गर्नुपर्ने देखिएको छ। तर, हामीकहाँ त्यो प्रविधि छैन। यद्यपि, चिकित्सकसँग यस विषयमा छलफल भने भइरहेको छ,' उनले भने।

अमेरिकी सरकारी संयन्त्र नेसनल लाइब्रेरी अफ मेडिसिनमा उल्लेखित विवरणअनुसार बेन फिंगरप्रिन्टले मानिसको मस्तिष्क मापन गर्छ। अमेरिकी फौजदारी मुद्दाहरूमा यसको प्रयोग गरिसकिएको छ। जसलाई त्यहाँको अदालतले पनि स्वीकार गरिसकेको छ। तर, नेपालमा यो प्रविधि हालसम्म प्रयोगमा आउन सकेको छैन।

अमेरिकामा यसको औपचारिक प्रयोगअघि अनुसन्धान निकायहरू एफबिआई, सिआइए, अमेरिकी नेभीलगायतको प्रयोगशालामा परीक्षण गरिएको थियो। जसमा शतप्रतिशत सकारात्मक नतिजा देखिएको



फाइल तस्बिर

थियो। यद्यपि, यसको वैधताका लागि अझै पनि वैज्ञानिक मापदण्ड पूरा गर्न आवश्यक रहेको बताइएको छ। तर, यो अपराध अनुसन्धानमा प्रयोगमा आएका वैकल्पिक माध्यमभन्दा प्रभावकारी रहेको लाइब्रेरी अफ मेडिसिनको वेबपेजमा उल्लेख छ।

गत २९ भदौमा दिव्य सःमिलमा कार्यरत दोलखा कालिञ्चोक गापा- ८ का ५६ वर्षीय कुमार भुजेल भनिने पूर्णबहादुर भुजेल, उनकी श्रीमती ५० वर्षीया अम्बिका भुजेल, उनकी आमा ७६ वर्षीया सुभद्रा भुजेल र धनकुटा भिरगाउँ गापा- २ का १९ वर्षीय नवीन भनिने विशाल राईको सामूहिक हत्या भएको थियो। घटनामा संलग्न रहेको भन्दै प्रहरीले भण्डारीलाई ३१ भदौमा सिन्धुपाल्चोकस्थित बाह्रबिसेबाट पक्राउ गरी ल्याएको थियो। हिरासतमा रहेका उनीविरुद्ध अहिले अनुसन्धान जारी छ। उनले सिन्धुपाल्चोकसहित काठमाडौं उपत्यकामा गरी १६ जनाको हत्या गरिसकेको बयान दिएका छन्।

'अभियुक्तले १६ जनाको हत्या गरेको बयान दिएको छ। ठाउँ 'भेरिफाई' गर्दा केही बयान मिलेजस्तो पनि देखिन्छ। त्यसै पनि यो अन्य अभियुक्तभन्दा फरक क्षमताको छ। सामान्य ढंगले सोधपुछ गर्न सकिँदैन। सहयोगीमार्फत दिएको बयान डरलाग्दो छ,' परिसर प्रमुख एसएसपी खत्रीले भने, 'त्यसो हुँदा यसको दिमाग नै 'म्यापिङ' गर्नुपर्ने देखिन्छ। यद्यपि, हामीले सबै घटना एकै ठाउँ ल्याएर विश्लेषण गरिरहेका छौं। अन्तर्राष्ट्रिय अभ्यास पनि अध्ययन गरिरहेका छौं।'

प्रहरीका अनुसार भण्डारीले दिएको बयानसँग बौद्धको घटना मिल्न जान्छ। २५ जेठ ०७८ मा बौद्धस्थित टाउन प्लानिङमा बोराभित्र प्याकिङ गरिएको अवस्थामा मानिसको खुट्टा फेला परेको थियो। तर, प्रहरीले घटनासँग सम्बन्धित कुनै तथ्य फेला पार्न सकेको थिएन। पछि प्रहरीले उक्त खुट्टा पशुपतिस्थित शव दहन क्षेत्रबाट कुनै तान्त्रिकले ल्याएर फ्याँकेको निष्कर्ष निकालेको थियो। तर, घटनाको दुई वर्षपछि भण्डारीले उक्त घटना आफूले गरेको बताएका छन्। 'भेरिफाई' गर्न सिसिटिभी फुटेज हेर्नसमेत सुझाएका छन्।

योसँगै भण्डारीले भक्तपुरको बोडेमा त्यस्तै हत्या गरेको र शव खोलामा फ्याँकेको बताएका छन्। तीन वर्षअघि भक्तपुरस्थित हमुमन्ते खोलामा टाउको काटिएको महिलाको शव फेला परेको थियो। उक्त घटनामा पनि प्रहरीले कसैलाई पक्राउ गर्न सकेको थिएन। न शवको नै सताखत गर्न सकेको थियो। त्यसबाहेकका ठाउँमा पनि उनले हत्या गरेको बयान दिएका छन्। हत्या गरिएकालाई खल्डो खनी गाडेको भनेका छन्। पत्ता लगाउन प्रहरी उनलाई सँगै लिएर जाँदा कतिपय ठाउँमा घर बनिसकेका प्रहरीको भनाइ छ।

परिसरका प्रमुख एसएसपी खत्रीले भने, 'यसले जसरी सःमिलमा हत्या गरेको छ। त्यसको 'प्याटर्न' हेर्दा यसले विगतमा पनि त्यस्तै ठूलो हत्या गरेजस्तो देखिन्छ। त्यसो हुँदा यो सामान्य अभियुक्तभन्दा फरक रहेको अनुसन्धानबाट देखिन्छ। विभिन्न कोणबाट भेरिफाई गर्ने र अनुसन्धान गर्ने क्रम जारी छ।'

मदिरामा लट्ठिएर गोविन्दको हत्या

मादक पदार्थ सेवन गरेकाबीचको सामान्य विवाद हत्यासम्म पुग्यो

झापामा **चिरञ्जीवी घिमिरे**

झापाको दमकमा गत शुक्रबार भएको गोविन्द लिम्बूको हत्यामा मादक पदार्थ मुख्य कारण रहेको खुलेको छ। प्रहरीले अनुसन्धानका क्रममा पक्राउ गरेकाहरूले दिएको बयानका आधारमा हत्याको मुख्य कारण मादक पदार्थ सेवनपछिको विवाद भएको पाइएको हो।

इलाम चुलाचुली- का ३८ वर्षीय लिम्बूको हत्यामा संलग्न चारजनालाई पक्राउ गरेर प्रहरीले अनुसन्धान गरिरहेको छ। आरोपितलाई सार्वजनिक गर्दै सोमबार आयोजित पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता डिएसपी खगेन्द्रप्रसाद रिजालले एकै ठाउँमा जम्मा भएर मादक पदार्थ सेवन गरेकाहरूबीच सुरु भएको विवाद हत्यासम्म पुगेको जानकारी दिए।



पत्रकार सम्मेलनमा प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा पक्राउ परेका दमक नगरपालिका- ७ का २२ वर्षीय सनम राई, दमक- १ का २२ वर्षीय राजकुमार भुजेल र दमक- ७ का १८ वर्षीय सवास आलमलाई सार्वजनिक गऱ्यो। घटनामा संलग्न अन्य आठजनालाई प्रहरीले गत शुक्रबार नै पक्राउ गरेर अनुसन्धान अघि बढाएको थियो। प्रहरीका अनुसार पक्राउ परेकामध्ये सनमले गोविन्दमाथि छुरा प्रहार गरेका थिए। घटना भएको दिन प्रहरीले घटनामा संलग्न भएको आरोपमा दमक- १ का २५ वर्षीय नामुद थेबे, दमक- १ का वर्षीय २६ को आकाश केरुङ, दमक- ७ का २३ वर्षीय राहुल श्रेष्ठ, मोरङ कानेपोखरी- ७ का २८ वर्षीय सलमान लिम्बू, चुलाचुली- ४ का ३१ वर्षीय सन्दीप राई, चुलाचुली- ३ का ३८ वर्षीय सूर्य केरुङ र चुलाचुली- ३ का ३८ वर्षीय उपेन्द्र राईलाई प्रहरीले पक्राउ गरेको थियो।

उनीहरूले मादक पदार्थ सेवन गरेको दमक- १ स्थित रुबेल माछा फ्राई एन्ड रोस्ट हाउसका सञ्चालक विशाल कुमाललाई समेत प्रहरीले पक्राउ गरेको थियो। उनीहरूलाई जिल्ला अदालत झापाबाट आठ दिनको म्याद थप गरेर प्रहरीले अनुसन्धान गरिरहेको छ। हत्यामा प्रयोग भएको हतियार लुकाउन सहयोग गरेको भन्दै विराटनगर- ६ का २९ वर्षीय मफुद मियालाई पनि मोरङ प्रहरीले पक्राउ गरेको डिएसपी रिजालले जानकारी दिए। उनले सनमले दिएको आपराधिक घटनामा प्रयोग भएको हतियार झाडीमा फालेका थिए।

लुकेर बसेका वेला पक्राउ

गत शुक्रबार गोविन्दलाई दमक- १ स्थित कुमाल सनमले चोकमा छुरा प्रहार गरी हत्या गरेका थिए। हत्यापछि तीनजना भने फरार थिए। उनीहरू चार दिनसम्म विभिन्न जिल्लाका विभिन्न ठाउँमा लुकेर बसेका थिए। उनीहरूलाई कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समूहका प्रहरी नायब निरीक्षक रुद्र खड्का र इलाका प्रहरी कार्यालय दमकका प्रहरी निरीक्षक डम्बर विश्वकर्माको नेतृत्वमा खटिएको संयुक्त टोलीले सोमबार मोरङ उर्लाबारी- १ बाट पक्राउ गरेको हो। प्रादेशिक अनुसन्धान समूह प्रदेशमा भएको अपराधका घटनाको अनुसन्धानमा अब्बल मानिन्छ।

प्रहरीका अनुसार लिम्बूसँगै उनीहरूले दमक- १ स्थित रुबेल माछा फ्राई एन्ड रोस्ट हाउसमा रातभर सँगै बसेर मादकपदार्थ सेवन गरेका थिए। मादक पदार्थ सेवनपछि बिहान करिब ४ बजे उनीहरूबीच वादविवाद सुरु भएको थियो। त्यसक्रममा सनमले छुराले गोविन्दको घाँटी तथा हात-पाखुरामा प्रहार गरेको डिएसपी रिजालले बताए। अनुसन्धानमा संलग्न एक प्रहरीका अनुसार लिम्बूको हत्या योजनाबद्ध नभई तत्काल उब्जिएको विवादले भएको देखिएको छ। उनका अनुसार सनमले पिसाब गर्ने क्रममा मदिराले लट्ठ एकजनाले 'सिनियर'को अगाडि 'जुनियर'ले पिसाब फेरेको भन्दै सनमलाई गाली गरेका थिए। उनको कुरामा समर्थन जनाउँदै गएका गोविन्दलाई भने सनमले छुरा प्रहार गरेको ती प्रहरीको भनाइ छ।

बागमती प्रदेश सभामा एमाले सांसद र मर्यादापालकबीच घम्साघम्सी

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको सोमबारको बैठकमा घम्साघम्सी भएको छ। बागमती प्रदेश सरकारले चिट्ठा विधेयक पेस गर्न खोजेपछि प्रमुख प्रतिपक्षी दल एमालेका सांसद र मर्यादापालकबीच घम्साघम्सी भएको हो।

प्रदेश प्रमुख यादवचन्द्र शर्माले सन्देशसहित पुनर्विचारको लागि सभामा फिर्ता पठाएको 'प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सरकारले पुनर्विचारका लागि पेस गर्न खोजेपछि एमाले सांसदहरूले अवरोध गरेका थिए। गत ७ जेठमा प्रदेश प्रमुख शर्माले उक्त विधेयकमाथि पुनर्विचार गर्नुपर्ने भन्दै प्रदेश सभामा फिर्ता पठाएका थिए। तर, बागमती प्रदेश सरकारले उक्त विधेयकमा विनाकुनै परिवर्तन र संसद्लाई सूचना नै नदिई सदनमा पेस गर्न खोजेको थियो।

> प्रदेश प्रमुख यादवचन्द्र शर्माले पुनर्विचारका लागि सभामा फिर्ता पठाएको 'प्रदेशस्तरको चिट्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सरकारले सभामा पुनः पेस गर्न लागेपछि हंगामा

सभामुख भुवनकुमार पाठकले आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठको तर्फबाट प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिं लामालाई उक्त विधेयक सदनमा पेस गर्न अनुमति दिएलगत्तै एमाले सांसद केशवप्रसाद पोखरेलले उठेर आपत्ति जनाएका थिए। सांसद पोखरेलको आपत्तिका बाबजुद मन्त्री लामाले उक्त विधेयक प्रस्तुत गरेपछि एमाले सांसदहरू नाराबाजी गर्दै रोस्ट्रमतर्फ बढेका थिए। मन्त्री लामा नरोकिएको भन्दै सांसदहरू रोस्ट्रम घेर्न पुगेपछि मर्यादापालकले छेक्ने क्रममा घम्साघम्सी भएको हो।

एमाले सांसद पोखरेलले सरकारले प्रदेश प्रमुखबाट विधेयक किन फिर्ता भएको हो? के-के विषयमा टिप्पणी गरिएको छ? भन्ने विषयमा सांसदहरूलाई जानकारी नै नदिई गलत बाटोबाट विधेयक पेस गर्न खोजेकाले विरोध गर्नुपरेको बताएका थिए। उनले विधेयक फिर्ता हुनुपरेका कारणहरू स्पष्ट पारेर र सूचना दिएर विधिवत् बाटोबाट विधेयकलाई सदनमा पेस गर्न र तत्काल उक्त विधेयक प्रस्तुत गर्ने विषय कार्यसूचीबाट हटाउन माग गरेका थिए। मन्त्री लामाले सदनमा विधेयक पेस गर्न नरोकिएपछि र एमालेका सांसदहरूले होहल्ला गर्न नछोडेपछि सभामुख पाठकले १५ मिनेट बैठक स्थगित गरेका थिए। तर, सहमति जुट्न नसकेपछि १६ असोजमा पुनः बस्ने गरी बैठक स्थगित भएको छ।

■ तस्करीको सामान बरामद प्रकरण

सीमाक्षेत्रका प्रहरी युनिट परिवर्तन

सिराहा/ राजस्व अनुसन्धान कार्यालय इटहरीको टोलीले सिराहामा लगातार तीन दिन तस्करीका सामान बरामद गरेको छ। सुराकीका आधारमा सिराहा नगरपालिका- १५ बुरौधाबाट शनिबार बिहान ५० लाख, आइतबार दिउँसो तस्करीका लत्ताकपडा बोकेको एक ट्रक नियन्त्रणमा र सोमबार बिहान ३२ लाख रुपैयाँबराबरको लत्ताकपडा बरामद गरी अनुसन्धान गरिरहेको छ। तीन दिनमा राजस्व अनुसन्धानले एक करोडभन्दा बढीका लत्ताकपडा र ट्रक बरामद गरेको राजस्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख सुरेश आचार्यले बताए। तस्करले ठूलो परिमाणमा सामान मुख्य भन्सार कार्यालय माडरनजिकै लुकाइराखेको अवस्थामा बरामद गरेको जानकारी दिँदै प्रमुख आचार्यले भने, 'यसमा भन्सार कर्मचारी र प्रहरीको संलग्नताको विषयमा अनुसन्धान गर्दै छौं।' तस्करले लुकाएर राखेको ठूलो परिमाणको लत्ताकपडा बरामद गरेपछि सशस्त्र प्रहरी उपरीक्षक, नायब उपरीक्षक र नेपाल प्रहरीका सइ र असइमाथि अनुसन्धान थालिएको छ।

सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट माडरका प्रमुख डिएसपी रामहरि खतिवडालाई सशस्त्र प्रहरी बलको बर्दिवासमा रहेको बाहिनीमा तानिएको छ। डिएसपी खतिवडासँगै सशस्त्र प्रहरी बल हेक्वा गण नम्बर ७ का प्रमुख एसपी प्रमोद भारतीलाई पनि बाहिनी तानिएको छ। सशस्त्र प्रहरीका डिआइजी दिपेन्द्र शाहले राजस्व अनुसन्धानले सीमाक्षेत्रमा भन्सार छलेर भण्डार गरी राखेको लत्ताकपडा बरामद गरेको घटनालाई लिएर सोधपुछ गर्न प्रहरी प्रमुखहरूलाई बाहिनी तानिएको जानकारी दिए। मधेश प्रदेशको आठवटै जिल्लामा तस्करी नियन्त्रणमा सशस्त्र प्रहरी सक्रियतापूर्वक लागेको भन्दै डिआइजी शाहले सीमामा सबै ठाउँमा सशस्त्र प्रहरीको उपस्थिति नभएको बताए।

घुससहित इन्जिनियर पक्राउ

काठमाडौं/ चन्द्रागिरि नगरपालिकाका इन्जिनियर २५ हजार घुससहित पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चन्द्रागिरि नगरपालिका- १४ नम्बर वडा कार्यालयमा कार्यरत असिस्टेन्ट सबइन्जिनियर विजयालक्ष्मी पन्तलाई २५ हजार रुपैयाँ घुससहित सोमबार पक्राउ गरेको हो।

इन्जिनियर पन्तले घर निर्माण गरिसकेको प्रमाणपत्र उपलब्ध गराएबापत घुस लिएको आयोगले जनाएको छ। पन्तलाई घुस रकमसहित चन्द्रागिरि नगरपालिकाकै वडा नम्बर- ११ सतुंगलस्थित माई फुड डेरी खाजा पसलबाट अख्तियारको टोलीले नियन्त्रणमा लिएको हो।

ओपिडी बन्द गरेर आन्दोलनमा केएमसीका चिकित्सक



काठमाडौं/ चिकित्सकमाथि कुटपिट भएको भन्दै सिनामंगलस्थित केएमसीका चिकित्सकहरू ओपिडी सेवा नै बन्द गरेर सडकमा उत्रिएका छन्। दिउँसो बिरामीका आफन्तले चिकित्सकमाथि हातपात गरेपछि सोमबार चिकित्सकहरूले उपचार सेवा बन्द गरेर आन्दोलनमा निस्किएका हुन्।

आइतबार दिउँसो दुई बजेतिर ओपिडी कक्षमा उपचारका लागि आएका बिरामीका आफन्तहरू रूपक गौतम र सरोज गौतमले इन्टर्न डाक्टर मनीष खड्कामाथि कुटपिट गरेका थिए। अस्पतालका प्रबन्धक नारायणप्रसाद दाहालले सोमबार ओपिडी नै बन्द गरेर चिकित्सकहरू आन्दोलनमा उत्रिएको बताउँदै मंगलबारदेखि भने ओपिडीबाट नै उपचार सेवा सुचारु हुने बताए। 'कुटपिट गरेकामध्ये एकजना पक्राउ पर्न बाँकी छ, उहाँहरूले पक्राउ नपरेको व्यक्तिलाई पक्राउ र कारबाही गर्न माग राख्नुभएको छ,' उनले भने, 'मंगलबारदेखि ओपिडीमा उपचार गर्ने निर्णय भएको छ।' गत शनिबार मात्रै आन्दोलनरत चिकित्सक र सरकारबीच ६ बुँदे सहमति भएको थियो। सहमतिपछि उनीहरूले आन्दोलनका कार्यक्रम फिर्ता लिएका थिए। तर, इन्टर्न डाक्टरमाथि कुटपिट भएको भन्दै सोमबारदेखि प्रदर्शन गर्ने केएमसीका चिकित्सकहरूले जनाएका छन्।

सुदूरपश्चिममा लागुऔषध प्रयोग भयावह

प्रदेशभरका विद्यालयमा प्रहरीले थाल्यो सचेतना अभियान, १० देखि १२ कक्षामा अध्ययनरत विद्यार्थीलाई प्रशिक्षण

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा लागुऔषधको प्रयोग भयावह रूपमा बढ्न थालेपछि त्यसलाई रोक्न प्रहरीले स्कुले विद्यार्थीलाई लागुऔषधविरुद्ध सचेतना अभियान थालेको छ। यस क्रममा प्रहरीले विद्यालयमै गएर १० देखि १२ कक्षासम्म अध्ययनरत विद्यार्थीलाई लागुऔषधविरुद्ध प्रशिक्षण दिन थालेको छ।

धनगढीमा मात्र केही दिनयता एक दर्जन विद्यालयका करिब पाँच हजार विद्यार्थीलाई लागुऔषधविरुद्धको प्रशिक्षण दिइएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले जनाएको छ। प्रशिक्षणमार्फत विद्यार्थीलाई लागुऔषधबारे सचेत गराउने कार्य प्रदेशका नौवटै जिल्लामा सुरु गरिएको प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक श्याम चौधरीले बताए। नागरिकलाई सचेत गराएर लागुऔषधको प्रयोग र कारोबारलाई रोक्न प्रदेश प्रहरी कार्यालयले चालू आर्थिक वर्षदेखि समुदाय तथा सरोकारवालाको सहभागितामा लागुऔषधविरुद्धको महाअभियान नै सुरु गरेको हो। अभियानअन्तर्गत विद्यालयमा प्रशिक्षण दिन थालिएको हो।

'लागुऔषधका मुद्दा र पक्राउ परेकाको तथ्यांक केलाउँदा अधिकांश प्रयोगकर्ता १६ देखि २० वर्ष उमेर समूहका छन्,' प्रहरी उपरीक्षक चौधरीले नयाँ पत्रिकासँग भने, 'त्यसैले यो उमेर समूहका विद्यार्थीलाई लक्षित गरेर प्रदेशभरि नै विद्यालयमा प्रशिक्षण दिन थालेका हौं।' लागुऔषधको प्रयोगले समाजमा आपराधिक घटना कसरी भइरहेका छन्, यसको प्रयोगले व्यक्ति, परिवार र समाजलाई कसरी क्षति भइरहेको छ भन्नेबारे प्रशिक्षणमा जानकारी दिने गरिएको उनले बताए। त्यस्तै, युवाहरू कसरी लागुऔषधको दुर्व्यसनीमा फसिरहेका छन् र यसबाट कसरी बच्ने भन्नेबारे पनि प्रशिक्षणमार्फत विद्यार्थीलाई सचेत गराउने गरिएको चौधरीले बताए। लागुऔषधविरुद्धको अभियानका प्रदेशभरिका सबै प्रहरी युनिट परिचालन गरिएको प्रदेश प्रहरी कार्यालयको दाबी छ।

■ एक वर्षमै ८५६ जना पक्राउ

सुदूरपश्चिममा लागुऔषधको प्रयोग भयावह रूपमा फैलिएको तथ्यांकहरूले देखाएका छन्। तीन वर्षको अवधिमै लागुऔषधसम्बन्धी मुद्दामा पक्राउ पर्नेको संख्या करिब तीन गुणाले बढेको छ। प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष ०७७/७८ मा प्रदेशभरि लागुऔषधसम्बन्धी दुई सय ५३ वटा मुद्दामा तीन सय ९४ जना पक्राउ परेका थिए। गत आर्थिक वर्षमा यससम्बन्धी पाँच सय ४० मुद्दा अदालतमा दर्ता भएका छन् भने आठ सय ५६ जना पक्राउ परेका छन्।

आर्थिक वर्ष ०७७/७८ मा लागुऔषधसम्बन्धी मुद्दामा पाँच सय ६३ जना पक्राउ पर्नुका साथै तीन सय ५३ वटा मुद्दा दर्ता भएका थिए। पक्राउ पर्नेमध्ये अधिकांश १६ देखि २० वर्ष उमेर समूहका रहेका प्रहरी उपरीक्षक चौधरीले जानकारी दिए। प्रहरीका अनुसार लागुऔषध प्रयोगकर्ता महिलाको संख्या पनि बढ्दो छ। गत वर्ष मात्र यो मुद्दामा ६६ जना महिला पक्राउ परेका थिए।

धनगढी, टीकापुर, महेन्द्रनगरलगायत भारतसँग सीमा जोडिएका कैलाली, कञ्चनपुरका बजारहरूमा लागुऔषध प्रयोगको अवस्था अझ बढी विकराल छ। लागुऔषधसम्बन्धी गत आर्थिक वर्षमा दर्ता भएका मुद्दामध्ये कैलालीका मात्र तीन सय ८४ छन्। यो अवधिमा कञ्चनपुरमा एक सय ५९ मुद्दा दर्ता भएका प्रहरीले जनाएको छ। कैलाली र कञ्चनपुरमा बढी भए पनि लागुऔषधसम्बन्धी मुद्दाहरू सबै जिल्लामा रहेका प्रहरीले जनाएको छ। पछिल्लो समय लागुऔषधविरुद्ध प्रहरी आक्रामक देखिएपछि कैलाली, कञ्चनपुरका सीमावर्ती बजारबाट प्रयोगकर्ता र कारोबारी दैनिकजसो पक्राउ पर्न थालेका छन्।

■ कारोबार रोक्न खुला सीमा चुनौती

प्रहरीका अनुसार प्रदेशमा सबैभन्दा बढी लागुऔषध खैरो हेरोइन (ब्राउन सुगर) प्रयोग हुने गरेको पाइएको छ। जुन भारतबाट आयात हुन्छ। भारतसँगको खुला सिमाना लागुऔषधको प्रयोग र कारोबार रोक्न चुनौतीका रूपमा रहेको छ। सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख डिआइजी भरत बोहराले भारतसँगको खुला सिमानाका कारण लागुऔषधको कारोबार रोक्न चुनौती रहेको बताए। 'खुला सिमाना नै लागुऔषध नियन्त्रणको मुख्य चुनौती हो, बेरोजगारी र चेतनाको कमीका कारण पनि प्रयोगकर्ता बढेका छन्,' डिआइजी बोहराले भने, 'प्रहरी एक्लैले मात्र लागुऔषधको प्रयोग रोक्न सक्ने अवस्था छैन, अभिभावक, समाजलगायत सरोकारवाला सबैको सहयोग चाहिएको छ।'

सुदूरपश्चिममा लागुऔषधका प्रयोगकर्ता र कारोबार निकै बढेपछि कार्ययोजना बनाएरै यसविरुद्ध प्रहरीले कार्यक्रम गरिरहेको उनले जानकारी दिए। अहिले १० देखि १२ कक्षाका विद्यार्थीलाई सचेत गराउने कार्य प्रदेशभरि नै चलिरहेको उनले बताए। '७ देखि १० कक्षासम्मका विद्यार्थीलाई पनि लागूऔषधबारे सचेत गराउने योजना छ,' उनले भने।

■ लागुऔषध प्रयोगले अपराध बढेको निष्कर्ष

चोरी, बलात्कारजस्ता आपराधिक घटना बढ्नुको मुख्य कारण लागुऔषध भएको प्रहरीको निष्कर्ष छ। चोरी, बलात्कार, हिंसा, सवारी दुर्घटनाजस्ता अधिकांश घटनाका अभियुक्त लागुऔषध प्रयोगकर्ता हुने गरेको प्रहरी उपरीक्षक चौधरीले बताए। प्रदेश प्रहरी कार्यालयले धनगढी उपमहानगरको सहकार्यमा लागुऔषध प्रयोगकर्ता राख्न धनगढीको फूलबारीमा सुधारगृह सञ्चालनको तयारी गरेको छ। 'अहिले पक्राउ पर्नेहरू धेरैजसो कारोबारी हुन्, अब प्रयोगकर्तालाई पनि सुधारगृहमा राख्छौं,' डिआइजी बोहराले भने। लागुऔषधको जालो भत्काउन विद्यार्थी मात्र नभई समुदायलाई सचेत गराउने कार्यक्रम पनि प्रहरीले चलाइरहेको उनले बताए।

प्रहरी एक्लैले रोक्न सक्ने अवस्था छैन

■ **डिआइजी भरत बोहरा**, सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख



खुला सिमाना नै लागुऔषध नियन्त्रणको मुख्य चुनौती बनेको छ। यस्तै, बेरोजगारी र चेतनाको कमीका कारण पनि प्रयोगकर्ता बढेका छन्। त्यसैले प्रहरी एक्लैले मात्र लागुऔषधको प्रयोग रोक्न सक्ने अवस्था छैन, अभिभावक, समाजलगायत सरोकारवाला सबैको सहयोग चाहिएको छ।

एमालेको कर्णाली अध्यक्षमा गुलाबजंग विजयी

सुर्खेत/ एमालेको कर्णाली प्रदेश अध्यक्षमा गुलाबजंग शाहको विजय भएका छन् । निकटतम प्रतिस्पर्धी मीनबहादुर शाहीलाई पराजित गर्दै शाह प्रदेश अध्यक्षमा विजयी भएका हुन् । पदाधिकारीमा पनि शाह प्यानलका उम्मेदवार विजयी भएका छन् । उपाध्यक्षमा टेकराज पछाई, सचिवमा ध्रुवकुमार शाही, उपसचिवद्वयमा रमेशकुमार शाही र रविन्दराज शर्मा विजयी भएका छन् ।

डेंगु संक्रमणबाट एकको मृत्यु

दाङ/ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा एक पुरुषको डेंगु संक्रमणबाट मृत्यु भएको छ । रोल्पा माडी गाउँपालिका- २ घर्तीगाउँका ५१ वर्षीय यज्ञबहादुर डाँगीको मृत्यु भएको प्रतिष्ठानका सूचना अधिकारी निशान भट्टराईले जानकारी दिए । डाँगीलाई केही समयअघिदेखि स्वास्थ्यमा समस्या देखिए पनि प्रतिष्ठानमा भने आइतबार साँझ उपचारका लागि ल्याइएको थियो । उनको उपचारकै क्रममा सोमबार बिहान मृत्यु भएको सूचना अधिकारी भट्टराईले बताए । डाँगी श्री कृष्ण माध्यमिक विद्यालय घर्तीगाउँमा अध्यापन गराउँदै आएका थिए ।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.

(**'नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको'**)
केन्द्रीय कार्यालय बनेपा- ८, काभ्रेपलाञ्चोक, फोन नं. : +९७७-०११-६६००३४

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०६/१६(नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त विरुत्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : औरावनि , सुनसरी	**सन्जुला कुमारी राय (ऋणी)** ना.प्र.नं. : ५१८/०६३०२७ जारी मिति/जिल्ला : २०६३/११/०३, सुनसरी स्थायी ठेगाना : अमडुवा गा.वि.स वडा नं.०१, सुनसरी हालको ठेगाना : दुहवी न.पा वडा नं.०८,सुनसरी पति : सन्तोष कुमार राय ससुरा : देव नारायण राय पिता : सत्यनारायण राय **१) सन्तोष कुमार राय (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ०६३००९/५१६ जारी मिति/जिल्ला : २०६३/१०/०४, सुनसरी स्थायी ठेगाना : दुहवी न.पा वडा नं.०४, सुनसरी हालको ठेगाना : दुहवी न.पा वडा नं.०८, सुनसरी पिता : देवनारायण राय बाजे : नसिव लाल राय **२) प्रेम कुमारी रौनियार (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १५५४ जारी मिति/जिल्ला : २०५४/१२/३१, सुनसरी स्थायी ठेगाना : दुहवी न.पा वडा नं.०४, सुनसरी हालको ठेगाना : दुहवी न.पा वडा नं.०८, सुनसरी पति : विजय कुमार रौनियार ससुरा : सिताराम रौनियार पिता : हरिहर प्रसाद गुप्ता रौनियार	**३) मिना कुमारी भगत (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ७१४१९ जारी मिति/जिल्ला : २०५९/०९/२९, मोरङ स्थायी ठेगाना : कटहरी गा.पा वडा नं.०४, मोरङ हालको ठेगाना : दुहवी न.पा वडा नं.०८, सुनसरी पति : संजय कुमार जैसवाल ससुरा : ठाकुर राम जैसवाल पिता : हिरालाल भगत **४) वेवी देवी शर्मा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०६१००९/५०६१ जारी मिति/जिल्ला : २०६४/०४/२३, सुनसरी स्थायी ठेगाना : दुहवी न.पा वडा नं.०५, सुनसरी हालको ठेगाना : दुहवी न.पा वडा नं.०८, सुनसरी पति : प्रकाश शर्मा ससुरा : विष्णु शर्मा पिता : रामेश्वर शर्मा **६) उषा गुप्ता (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०६१०३७/**१३०६५९** जारी मिति/जिल्ला : २०६५/०७/१०, सुनसरी स्थायी ठेगाना : इनरुवा न.पा वडा नं.०२, सुनसरी हालको ठेगाना : दुहवी न.पा वडा नं.०८, सुनसरी पति : दिपेन्द्र कुमार रौनियार ससुरा : जगदिस प्रसाद रौनियार पिता : रामबाबु गुप्ता
क्र.सं.२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : औरावनि , सुनसरी	**मनिता कुमारी चौधरी (ऋणी)** ना.प्र.नं. : ०६-०१ -७२-०१४१४ जारी मिति/जिल्ला : २०७२/०२/११, सुनसरी स्थायी ठेगाना : औरावनि गा.वि.स वडा नं.०५, सुनसरी हालको ठेगाना : गढी गा.पा वडा नं.०२, सुनसरी पति : देवानन्द खाँ थारु ससुरा : सतिलाल खाँ थारु पिता : लक्ष्मी नारायण चौधरी	**१) देवानन्द खाँ थारु (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ७७२७६/७८२७६ जारी मिति/जिल्ला : २०६०/०१/२१, सुनसरी स्थायी ठेगाना : औरावनि गा.वि.स वडा नं.०५, सुनसरी हालको ठेगाना : गढी गा.पा वडा नं.०२, सुनसरी पिता : सती लाल खाँ थारु बाजे : अलखु खाँ **२) नसिरा खातुन (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०६-०१ -७४-१२०७० जारी मिति/जिल्ला : २०७४/०९/२६, सुनसरी स्थायी ठेगाना : गढी गा.पा वडा नं.०१, सुनसरी हालको ठेगाना : गढी गा.पा वडा नं.०२, सुनसरी पति : महमद फिरोज ससुरा : मजिद मिया पिता : नुर महमद मिया
क्र.सं.३	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय :बेलाटारी ,नवलपरासी	**विक्रम सिंह (ऋणी)** ना.प्र.नं. : ३६३०४१/१५२ जारी मिति/जिल्ला : २०६३/१०/०४, नवलपरासी स्थायी ठेगाना : कुडीया न.पा वडा नं.०१, नवलपरासी हालको ठेगाना : सुस्ता न.पा वडा नं.०२, नवलपरासी पिता : प्रमन्स सिंह बाजे : राम अधार सिंह	**१) रन्जु राव सिंह (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३६-०१-७३-०६५१३ जारी मिति/जिल्ला : २०७३/१०/०६, नवलपरासी स्थायी ठेगाना : कुडीया न.पा वडा नं.०१, नवलपरासी हालको ठेगाना : सुस्ता न.पा वडा नं.०२, नवलपरासी पति : विक्रम सिंह ससुरा : प्रमन्स सिंह पिता : सिताराम राव **२) रामहरी दुसाध (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ७४५१८ जारी मिति/जिल्ला : २०६१/०५/०९, नवलपरासी स्थायी ठेगाना : कुडीया न.पा वडा नं.०३, नवलपरासी हालको ठेगाना : सुस्ता न.पा वडा नं.०३, नवलपरासी पिता : शिवराज दुसाध बाजे : नन्कु दुसाध
क्र.सं.४	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय :बेलाटारी ,नवलपरासी	**धिरेन्द्र यादव (ऋणी)** ना.प्र.नं. : ३६३०४६/३२१ जारी मिति/जिल्ला : २०६३/११/०१, नवलपरासी स्थायी ठेगाना : गुठीसुर्यपुरा गा.वि.स वडा नं.०९, नवलपरासी हालको ठेगाना : प्रतापपुर गा.पा वडा नं.०७, नवलपरासी पिता : राम अशिष यादव बाजे : छितनी यादव	**१) नितु कुमारी यादव (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३६-०१-७२-०७७८९ जारी मिति/जिल्ला : २०७२/१२/१७, नवलपरासी स्थायी ठेगाना : गुठीसुर्यपुरा गा.वि.स वडा नं.०९, नवलपरासी हालको ठेगाना : प्रतापपुर गा.पा वडा नं.०७, नवलपरासी पति : धिरेन्द्र यादव ससुरा : राम अशिष यादव पिता : योगेन्द्र यादव **२) विक्रम सिंह (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३६३०४१/१५२ जारी मिति/जिल्ला : २०६३/१०/०४, नवलपरासी स्थायी ठेगाना : कुडीया न.पा वडा नं.०१, नवलपरासी हालको ठेगाना : सुस्ता न.पा वडा नं.०२, नवलपरासी पिता : प्रमन्स सिंह बाजे : राम अधार सिंह
क्र.सं.५	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : बेलबारी , मोरङ	**बिना कुमारी थारु (ऋणी)** ना.प्र.नं. : ०५-१-६९-०११५० जारी मिति/जिल्ला : २०६९/०१/२६, मोरङ स्थायी ठेगाना : कसेनी न.पा वडा नं.०४, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.०५, मोरङ पति : सिडठा चौधरी ससुरा : तेज नारायण चौधरी पिता : मुसहरु थारु	**१) सिडठा चौधरी (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ०५३००९/६८० जारी मिति/जिल्ला : २०६३/**०**२/१५, मोरङ स्थायी ठेगाना : कसेनी न.पा वडा नं.०४, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.०५, मोरङ पिता : तेज नारायण चौधरी बाजे : धिरेन्द्र चौधरी **२) लिला खवास (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०५१००९/९७ जारी मिति/जिल्ला : २०६६/१२/०१, मोरङ स्थायी ठेगाना : कसेनी न.पा वडा नं.०४, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.०५, मोरङ पति : सुरेन्द्र खवास ससुरा : लक्ष्मी खवास पिता : डिल्ली बहादुर दर्जी

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

क्र.सं.६	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : बेलबारी , मोरङ	**खु कुमारी दर्जि (ऋणी)** ना.प्र.नं. : १५८९७ जारी मिति/जिल्ला : २०६०/११/२१, मोरङ स्थायी ठेगाना : डाँगीहाट गा.वि.स वडा नं.०९, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.११, मोरङ पति : सोम बहादुर दमै ससुरा : डम्बर बहादुर दमै पिता : रणविर दर्जि	**१) सशी परियार (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ०५२०२०/१५४६८ जारी मिति/जिल्ला : २०६८/**०**७/२२, मोरङ स्थायी ठेगाना : डाँगीहाट गा.वि.स वडा नं.०९, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.१०, मोरङ पिता : सोम बहादुर दमै बाजे : डम्बर बहादुर दमै **२) दया कुमारी याखा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ०५२०२०/४२४ जारी मिति/जिल्ला : २०६६/०८/२३, मोरङ स्थायी ठेगाना : डाँगीहाट गा.वि.स वडा नं.०४, मोरङ हालको ठेगाना : बेलबारी न.पा वडा नं.१०, मोरङ पति : सन्तोष याखा राई ससुरा : तिल विक्रम राई पिता : मचिन्द्र बहादुर थापा मगर
क्र.सं.७	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डुमारा, कपिलवस्तु	**अनिता देवी कुर्मी (ऋणी)** ना.प्र.नं. : १/०७/६७२४५ जारी मिति/जिल्ला : २०६२/०८/१३, कपिलवस्तु स्थायी ठेगाना : डुमरा गा.वि.स वडा नं.०४, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०५, कपिलवस्तु पति : मोतीलाल चौधरी ससुरा : महादेव प्रसाद चौधरी पिता : लालवहादुर कुर्मी	**१) मोतीलाल चौधरी (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ६११ जारी जिल्ला : २०३३/०६/०१, कपिलवस्तु स्थायी ठेगाना : कुदान गा.वि.स वडा नं.०२, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०५, कपिलवस्तु पिता : महादेव प्रसाद चौधरी बाजे : गोली प्रसाद कुर्मी **२) पुष्पा चौधरी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४६०८६ जारी मिति/जिल्ला : २०६०/०२/२७, कपिलवस्तु स्थायी ठेगाना : गोटीहवा न.पा.वडा नं.०१, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०५, कपिलवस्तु पति : गोपाल वहादुर चौधरी ससुरा : राम प्रसाद चौधरी पिता : पटेश्वरी कुर्मी
क्र.सं.८	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डुमारा, कपिलवस्तु	**पुष्पावती गुप्ता (ऋणी)** ना.प्र.नं. : २/०४/४८५०८ जारी मिति/जिल्ला : २०६०/०८/०३, कपिलवस्तु स्थायी ठेगाना : धरमपनिया गा.वि.स वडा नं.०३, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०७, कपिलवस्तु पति : जै प्रकाश वनिया ससुरा : राम लुटावन वनिया पिता : मिश्रीलाल गुप्ता	**१) जै प्रकाश वनिया (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ५/१४५५ जारी जिल्ला : २०५२/१०/१५, कपिलवस्तु स्थायी ठेगाना : धरमपनिया गा.वि.स वडा नं.०३, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०७, कपिलवस्तु पिता : राम लुटावन वनिया बाजे : राम भरक वनिया **२) इन्द्रावती चौधरी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३८-०१-०६८-०१७८४ जारी मिति/जिल्ला : २०६८/१०/१२, कपिलवस्तु स्थायी ठेगाना : दोहनी गा.वि.स वडा नं.०१, कपिलवस्तु हालको ठेगाना : कपिलवस्तु न.पा.वडा नं.०७, कपिलवस्तु पति : इश्वरनाथ कुर्मी ससुरा : शिव कुमार कुर्मी पिता : श्री कुर्मी
क्र.सं.९	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : लाहाचोक कास्की	**जानकी गुरुङ्ग (ऋणी)** ना.प्र.नं. : ४६१००२/५९७६ जारी मिति/जिल्ला : २०६८/०२/१८, कास्की स्थायी ठेगाना : लेखनाथ न.पा वडा नं.११, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पति : बेल वहादुर नेपाली ससुरा : गम्बीर नेपाली सार्की पिता : नर वहादुर गुरुङ्ग **१) अजय विश्वकर्मा (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४६-०१-७१-०१०६६ जारी मिति/जिल्ला : २०७१/**०**२/०२, कास्की स्थायी ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पिता : धन वहादुर विश्वकर्मा बाजे : भिम वहादुर विश्वकर्मा	**२) विमला वि.क (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १४९८६८ जारी मिति/जिल्ला : २०६१/०५/०६, कास्की स्थायी ठेगाना : पोखरा लेखनाथ म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पति : विक्रम वि.क ससुरा : धन वहादुर विश्वकर्मा पिता : धिर्जमान कामी **३) विन्दी लामा (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १६८६८६ जारी मिति/जिल्ला : २०६३/०३/०१, कास्की स्थायी ठेगाना : पोखरा उ.म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पति : शनि लामा ससुरा : अंगत लामा पिता : पूर्णवहादुर थापा
क्र.सं.१०	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : लाहाचोक कास्की	**पशुपती गुरुङ्ग (ऋणी)** ना.प्र.नं. : ३६१०५६/४३३ जारी मिति/जिल्ला : २०६५/१०/०५, नवलपरासी स्थायी ठेगाना : दाउन्ने देवी गा.वि.स वडा नं.०२, नवलपरासी हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : नारायण प्रसाद गुरुङ्ग ससुरा : लिला वहादुर गुरुङ्ग पिता : गंगा वहादुर गुरुङ्ग **१) राजीव गुरुङ (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३६-०६-७५-०१४३८ जारी मिति/जिल्ला : २०७५/**०**७/२७, नवलपरासी स्थायी ठेगाना : वर्दघाट न.पा वडा नं.१६, नवलपरासी हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पिता : नारायण प्रसाद गुरुङ बाजे : लिला वहादुर गुरुङ	**२) सिता राना (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ८५१७१ जारी मिति/जिल्ला : २०६२/१२/२१, स्याङ्जा स्थायी ठेगाना : चिन्नेवास गा.वि.स वडा नं.०१, स्याङ्जा हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : ढाल वहादुर राना ससुरा : नेत्र वहादुर राना पिता : चन्द्र वहादुर राना **३) सरस्वती वाग्ले क्षेत्री (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १७३९ जारी मिति/जिल्ला : २०५७/०९/२०, काठमाडौं स्थायी ठेगाना : काठमाडौ म.न.पा वडा नं.०३, काठमाडौं हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : खुम वहादुर वाग्ले क्षेत्री ससुरा : हुम वहादुर वाग्ले पिता : दान वहादुर लम्साल
क्र.सं.११	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : लाहाचोक कास्की	**स्यानी तामाङ्ग (ऋणी)** ना.प्र.नं. : १४३४९५ जारी मिति/जिल्ला : २०६०/०९/२०, कास्की स्थायी ठेगाना : माछापुच्छे गा.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : विर वहादुर तामाङ ससुरा : पुर्ण वहादुर तामाङ भन्ने पुर्ण वहादुर गुरुङ पिता : शेर वहादुर तामाङ्ग	**१) सुनिल तामाङ (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४६-०१-७०-०६३४८ जारी मिति/जिल्ला : २०७०/**०**७/०७, कास्की स्थायी ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पिता : विर वहादुर तामाङ बाजे : पुर्ण वहादुर तामाङ भन्ने पुर्ण वहादुर गुरुङ **२) सन्जना परियार (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ४६१००१/१११७८ जारी मिति/जिल्ला : २०६७/०१/१३, कास्की स्थायी ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.१५, कास्की पति : सगुन परियार ससुरा : गंगे दमाई पिता : मानबहादुर दमै
क्र.सं.१२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : लाहाचोक कास्की	**सुमित्रा नेपाली (ऋणी)** ना.प्र.नं. : २५५२५ जारी मिति/जिल्ला : २०५४/०५/२५, तनहुँ स्थायी ठेगाना : म्याग्दे गा.पा वडा नं.०४, तनहुँ हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०६, कास्की पति : विष्णु वहादुर नेपाली ससुरा : श्रीकृष्ण नेपाली पिता : मिन वहादुर सार्की	**१) प्रिया नेपाली (ब्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ४३-०१-७९-०५३९० जारी मिति/जिल्ला : २०७९/**०**६/२७, तनहुँ स्थायी ठेगाना : म्याग्दे गा.पा वडा नं.०४, तनहुँ हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०६, कास्की पिता : विष्णु वहादुर नेपाली बाजे : श्रीकृष्ण नेपाली **२) गायत्री नेपाली (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : २०००८- तनहुँ जारी मिति/जिल्ला : २०५३/०३/०७, कास्की स्थायी ठेगाना : पोखरा लेखनाथ म.न.पा वडा नं.०९, कास्की हालको ठेगाना : पोखरा म.न.पा वडा नं.०९, कास्की पति : कृष्ण वहादुर नेपाली ससुरा : प्रेम वहादुर नेपाली पिता : वासु नेपाली

नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

'जवान'को सानदार व्यापार



शाहरूख खान अभिनीत फिल्म 'जवान'ले एक हजार ६८ करोड भारुको वर्ल्डवाइड कलेक्सन गरेको छ। भारतीय बजारबाट मात्रै यो फिल्मले ६ सय करोड भारुभन्दा धेरै कमायो। भारतमा ६ सय करोडभन्दा धेरै कमाउने यो पहिलो बलिउड फिल्म हो। फिल्ममा विजय सेतुपति, नयनतारा, सामान्य मल्होत्रा, प्रियमणि, सुनील ग्रोबरलगायत कलाकारको अभिनय छ।

सागरलाई अवार्ड



विलक्षण क्रिएसन प्रालि र स्टार वान इन्टरटेनमेन्ट प्रालिद्वारा आयोजित चौथो सर्ट फिल्म फेस्टिभलमा 'संघर्ष' उत्कृष्ट घोषित भएको छ। प्रतियोगितामा उत्कृष्ट अभिनेताको अवार्ड फिल्म 'कहानी एकादेशको'बाट सागर लम्साल 'बले'ले जितेका छन्। उत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र 'प्रवासीको जीवन'बाट अभिनेत्री सरिता लामिछानेले हासिल गरिन्।

साइक्लिङमा जानुअघि कस्तो पूर्वतयारी गर्ने ?

वर्षा सकिएर चाडबाडको माहोल बन्दै छ। यस मौसममा आकाश निकै खुलेको हुन्छ। हरियाली हेर्दै साइकल कुदाउनुको मज्जा नै बेग्लै छ। दसैंको समयमा लामो बिदा पनि हुने भएकाले साइकल पारखीहरू छोटो तथा लामो दूरीको यात्रा गर्न चाहन्छन्। सबै उमेरसमूहका मानिसले यसको मज्जा लिन सक्छन्। यसले मनोरञ्जनसँगै स्वस्थ रहन सहयोग गर्छ।





हिमाल टमाटा
अन्तर्राष्ट्रिय साइक्लिङ खेलाडी

चर्चित रुट

साइक्लिङका लागि काठमाडौंनजिकै धेरै रुट छन्। धेरैजसो साइकलयात्रीको रोजाइमा शिवपुरी राष्ट्रिय निकुञ्ज, नगरकोट, चोभार, कीर्तिपुर डाँडागाउँ, चम्पादेवी, सुन्दरीजल, फुल्चोकी, लाँकुरी भञ्ज्याङलगायत रुट पर्ने गरेका छन्। नगरकोट, फुल्चोकी, लाँकुरी भञ्ज्याङलगायत क्षेत्रबाट हिमालको दृश्य हेर्नुको मज्जा नै बेग्लै छ।

स्वास्थ्यका लागि लाभदायी

साइक्लिङ एरोबिक अभ्यास हो। यो स्वास्थ्यका लागि निकै लाभदायी छ। तपाईंको हृदय, रक्तसञ्चार र फोक्सोको कार्यसञ्चालन राम्रो गराउनका लागि साइक्लिङले सहयोगी भूमिका खेल्छ।

साइक्लिङले कार्डियाभास्कुलर फिटनेस बढाउँछ। मांसपेशीको क्षमता र लचकता वृद्धि गर्छ। हाड-जोर्नी स्वस्थ राख्छ। तनाव घटाउँछ। मानिसको पोस्चर राम्रो बनाउँछ र संयोजन कलामा वृद्धि गर्छ। शरीरमा फ्याटको लेभल कम गर्छ। प्रतिरोधी क्षमता बढाएर रोगबाट जोगाउन सहयोग गर्छ। एन्जाइटी र डिप्रेसनका लागि पनि यो उपयोगी छ। मधुमेह, मोटोपनलगायत रोग नियन्त्रणका लागि पनि साइक्लिङ प्रभावकारी मानिन्छ। यो वातावरणमैत्री पनि छ।

के-के बोक्ने ?



सुरक्षा उपकरण

सुरक्षामा सचेत हुनुपर्छ। हेल्मेट अनिवार्य लगाउनुस्। कुनै दुर्घटना भइहाले पनि यसले टाउकोमा चोट लाग्नबाट जोगाउँछ। त्यस्तै, दिउँसोको समयमा गर्मीबाट जोगाउने काम पनि गर्छ। हातको सुरक्षाका लागि पन्जा लगाउनुस्।



प्राथमिक उपचार

प्राथमिक उपचारका सामग्री पनि आफूसँगै बोक्नु राम्रो हुन्छ। साइकलयात्रीले आफूसँगै पानीको बोतल पनि बोक्नुपर्छ। साइक्लिङ गर्दा अत्यधिक पसिना बगेर डिहाइड्रेसन हुन सक्छ। जथाभावी पानी पिउनुको साटो आफूसँगै पानीको बोतल बोक्नु स्वस्थकर हुन्छ। त्यस्तै, इनर्जी दिने खानेकुरा काजु, बदाम, चकलेटलगायत बोक्नु राम्रो हुन्छ।

टुल बक्स

लामो दूरीको यात्रामा निस्कँदा साइकल मर्मत गर्ने केही उपकरणहरू पनि आफूसँगै बोक्नुपर्ने हुन्छ। टुल बक्स बोकेर हिँड्दा राम्रो हुन्छ। साइकल पंचर पनि हुन सक्छ। त्यसैले ट्युब बोक्नुपर्छ। हावा हाल्नका लागि पम्प बोकेर हिँड्नुपर्छ। यस्तो हुँदा जहाँ बिग्रेको छ, त्यहीँ बनाएर हिँड्न सकिन्छ।



सनब्लक क्रिम

दिउँसोको समय साइक्लिङ गर्दा छालालाई घामको विकिरणबाट जोगाउनुपर्ने हुन्छ। त्यसैले सनब्लक बोक्न बिर्सनुहुँदैन। डिहाइड्रेसन हुन नदिन बेलाबेलामा ब्रेक लिएर पानी पिउनुपर्छ।



उच्च रक्तचाप नियन्त्रण गर्न...





डा. किशनकुमार कुशवाह
वरिष्ठ मुटुरोग विशेषज्ञ, सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

- 'मदिरा सेवन पनि गर्दिनँ, तर उच्च रक्तचाप छ,' हिजोआज धेरैले यस्ता गुनासो गर्छन्, 'मासु पनि धेरै खाँदिनँ, तर प्रेसर बढिरहेको छ।' उच्च रक्तचाप दुईथरी हुन्छन्। कारणसहितका र कारण थाहा नभई बढ्ने अवस्था। जेनेटिकल फ्याक्टर, हर्मनल फ्याक्टर, भास्कुलर, मिर्गौलालगायत विभिन्न कारणले रक्तचाप बढाइरहेको हुन्छ। अर्कोतर्फ, कतिपयमा कारण नै थाहा नभई प्रेसर बढिरहेको हुन्छ।
- प्रेसर बढ्दै जाँदा शरीरका विभिन्न अंगमा असर पुऱ्याउँछ। मिर्गौला, आँखा, नसा, मुटुसम्बन्धी समस्या निम्तिन सक्छ। त्यसैले नियन्त्रण गर्नु आवश्यक हुन्छ। प्रेसरले प्यारालाइसिस पनि गराउन सक्छ। आँखाको ज्योति नै गुम्न सक्छ। यस्ता जटिल समस्याबाट बच्न प्रेसर नियन्त्रणमा राख्नुपर्छ।
- नियन्त्रणका लागि चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्छ। औषधि सेवन गर्दा अंगहरू ड्यामेजबाट बच्न सकिन्छ।
- जीवनशैली परिवर्तन गर्नुपर्छ। यसले गर्दा उच्च रक्तचाप नियन्त्रण गर्न सकिन्छ। स्वस्थकर खानेकुरा खानुपर्छ। शरीरको तौल घटाउनुपर्छ। नियमित व्यायाम गर्नुपर्छ। नुनको मात्रा कम गर्ने। खानेकुरामा चिल्लो कम गर्ने। जीवनशैली परिवर्तन गरेर पनि नियन्त्रण गर्न सकिन्छ। तनावले प्रेसर बढाउने भएकाले अनावश्यक तनाव लिनुहुँदैन।

फेसनेबल राजकुमारी



थाई राजकुमारी सिरिवन्नावरी नारिरतन आफ्नो बहुमुखी प्रतिभाका कारण चर्चामा आउँछिन्। चीनको हाङ्झाउमा जारी एसियाली खेलकुदमा थाइल्यान्डको घोडचढी टिमबाट उनले प्रतिस्पर्धा गरिरहेकी छिन्। ३६ वर्षीया यी राजकुमारी फेसन उद्योगसँग पनि जोडिएकी छिन्। सन् २००७ मा उनलाई चर्चित फेसन डिजाइनर पिर्रे बाल्मेनले आफ्नो डेब्यु कलेक्सन प्रस्तुत गर्नका लागि बोलाएकी थिइन्। त्यसयता, उनका शाही कलेक्सनहरू अन्तर्राष्ट्रिय दुनियाँमै चर्चित छन्। उनी चर्चित कवि पनि हुन्।

उनले थाइल्यान्डका परम्परागत पहिरनलाई पश्चिमा स्टाइलमा सम्मिश्रण गरेर डिजाइनहरू तयार गर्ने गरेकी छिन्। फेसन कलाबारे उनी भन्छिन्, 'राम्रो आर्टिस्ट बन्नका लागि तपाईंले प्रतिबद्धताका साथ काम गर्नुपर्छ। सबैतिरबाट प्रेरित भएर गुणस्तरीय काम गर्नका लागि तपाईंले आँखा र मस्तिष्कलाई खुला राख्नुपर्छ।'

बच्चालाई जंकफुडबाट टाढा राख्न...



जंकफुडले बालबालिकामा विभिन्न स्वास्थ्य समस्या निम्त्याउँछ। त्यसैले उनीहरूलाई घरमै पकाइएको खानेकुरा खुवाउनुपर्छ। आफ्ना बच्चालाई जंकफुडबाट टाढा राख्नका लागि अभिभावकले केही कुरा ख्याल गर्नुपर्छ।

रोलमोडल

बन्नुस् : बच्चाहरू प्रायः अभिभावककै व्यवहारको सिको गर्छन्। यदि तपाईंले घरमै पकाएको खानेकुरा खाने बानी विकास गर्नुभयो भने बच्चाले पनि यस्तै सिक्छ।

बुझाउनुस् : जंकफुड स्वास्थ्यका लागि फाइदाजनक छैन भनेर बच्चालाई बुझाउनुस्। उनीहरूलाई सन्तुलित भोजन र पोषणका विषयमा सानैदेखि जानकारी दिनुस्। यस्तो हुँदा ठूलो भएपछि पनि उनीहरूले स्वादिष्ट नभएर स्वस्थकर खानेकुरा रोज्छन्।

कुकिङ सिकाउनुस् : तपाईंले खाना बनाउँदा बच्चालाई पनि यसमा सरिक गराउनुस्। जब उनीहरूलाई तपाईंलाई खाना पकाउन सघाउँछन्। तब, यसमा प्रयोग हुने स्वस्थकर सामग्रीबारे पनि उनीहरूलाई चासो हुन्छ र यसबारे बुझ्न थाल्छन्। त्यस्तै, आफैं पकाएर खानुपर्छ भन्ने बानी पनि विकास हुन्छ।

पोषणयुक्त आहार : घरमा केही पोषणयुक्त आहार तयारी अवस्थामा राख्नुस्। फलफूल, तरकारी, दही, नट्स आदि खानेकुरा चिप्स र क्यान्डीको राम्रो विकल्प हुन सक्छ।

समय : समयमै खाना र खाजा बनाउनुस्। जसकारण बच्चा धेरै भोको हुन पाउँदैन र हतारोमा जंकफुड वा अस्वस्थ खानेकुरा बाहिरबाट अर्डर गर्नुपर्ने अवस्था सिर्जना हुँदैन।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८०/०६/१६)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत घन जमानी दिनेको विवरण/फोटो
१. **नामः रमा कुखुरा हाउस** ठेगानाः बुढानिलकण्ठ-०२,काठमाण्डौ पान नं: ६११९४१५७२ कर्जा शिर्षकः महिला उद्यमी कर्जा		**रमा खड्का** ठेगानाः बुढानिलकण्ठ-०४, काठमाण्डौ ससुराः गौरी शंकर लाल कर्ण श्रीमानः दिलिप कुमार कर्ण **दिलिप कुमार कर्ण** ठेगानाः खयरमारा-०३, महोत्तरी हाल बुढानिलकण्ठ-०४, काठमाण्डौ बुवाः गौरी शंकर लालकर्ण बाजेः जय नारायण कर्ण
२. **नामः तेज बहादुर पाल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः बम बहादुर पाल बाजेः अकबर बहादुर पाल कर्जा शिर्षकः हायर पर्चेज कर्जा	१. यस संस्थाको नाममा धनी कायम भई ऋणी तेज बहादुर पालको नाममा भएको सु.प.प्र. ०२००१ त १६४३ नं. को १ वटा जोन डियर ट्र्याक्टर। २. बम बहादुर पालको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला भिमदत्त न.पा. वडा नं. १० स्थित कित्ता नं ७४२२ को क्षेत्रफल ८०९६.०० वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**शेर बहादुर पाल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः बम बहादुर पाल बाजेः अकबर बहादुर पाल **पुष्कर बहादुर पाल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः बम बहादुर पाल बाजेः अकबर बहादुर पाल **लक्ष्मी कुमारी मल्ल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः पदम बहादुर मल्ल श्रीमानः पुष्कर बहादुर पाल **बम बहादुर पाल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः अकबर बहादुर पाल बाजेः झुसे पाल **श्रीमती राजु पाल** ठेगानाः भिमदत्त-१०, कञ्चनपुर बुवाः हंश बहादुर बम श्रीमानः बम बहादुर पाल
३. **नामः महेन्द्र अधिकारी** ठेगानाः लखनपुर-०५, झापा बुवाः गुरु प्रसाद अधिकारी बाजेः खभी नारायण अधिकारी कर्जा शिर्षकः हायर पर्चेज कर्जा	यस संस्थाको नाममा धनी कायम भई ऋणी महेन्द्र अधिकारी भएको बा ४ ख ५३४८ को १ वटा भाडा सवारी साधन।	**तुलसा अधिकारी** ठेगानाः लखनपुर-०५, झापा ससुराः गुरु प्रसाद अधिकारी श्रीमानः महेन्द्र अधिकारी
४. **नामः त्रिशक्ति पोल्ट्रि फर्म प्रो. विर बहादुर शाह** दर्ता नं.: ७३/३५४२/०७३/७४ पान नं.: ६०४९८९३९४ ठेगानाः बेदकोट-०८, कञ्चनपुर कर्जा शिर्षकः साना तथा मझौला व्यवसाय कर्जा	विर बहादुर शाहको नाममा दर्ता रहेको कञ्चनपुर जिल्ला दोधरा गा.वि.स. वडा नं. ०६ स्थित कित्ता नं ८२७ को क्षेत्रफल १६९४.०० वर्ग मिटरको जग्गा र कञ्चनपुर जिल्ला सुडा गा.वि.स. वडा नं. ०७ स्थित कित्ता नं १७२३ को क्षेत्रफल ३३८.६३ वर्ग मिटरको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**विर बहादुर शाह** ठेगानाः बेदकोट-०१, कञ्चनपुर बुवाः खड्क बहादुर शाह बाजेः मन्दिर शाह **भागरथी देवी शाह** ठेगानाः बेदकोट-०८, कञ्चनपुर ससुराः खड्क बहादुर शाह श्रीमानः विर बहादुर शाह **भुपेन्द्र भण्डारी** ठेगानाः अमरगढी-०३, डडेल्धुरा बुवाः तेज बहादुर भण्डारी बाजेः दान सिंह भण्डारी
५. **नामः मान बहादुर नेपाली** ठेगानाः मुलपानी-०२, धादिङ्ग बुवाः मिठे सार्की बाजेः धनजिते सार्की कर्जा शिर्षकः हायर पर्चेज कर्जा	१. यस संस्थाको नाममा धनी कायम भएको बा ३ ख ३८२१, इन्जिन नं: SLT3MY183951, च्यासिस नं: MBUWEL4XAX0190305, मोडेलः 2014 को १ वटा सवारी साधन। २. मिठे सार्कीको नाममा दर्ता रहेको धादिङ्ग जिल्ला आगिनचोक वडा नं. ९क स्थित कित्ता नं २०८, २०९, २१०,२१२, र २२१ को क्षेत्रफल क्रमशः ९४१.९६, ३९३.४८, ७०३.४९, ५७४.३२ र १००१.५८ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**प्रकाश नेपाली** ठेगानाः मुलपानी-२, धदिङ्ग बुवाः मिठे सार्की बाजेः धनजिते सार्की **मिठे सार्की** ठेगानाः मुलपानी-२, धदिङ्ग बुवाः धनजिते सार्की बाजेः गोरे सार्की **ईश्वर दाहाल** ठेगानाः उग्रचण्डी, काभ्रे बुवाः हरि प्रसाद दाहाल बाजेः मनि रत्न दाहाल
६. **नामः लुम्बिनी सःमिल** ठेगानाः तिलोत्तमा-७,रुपन्देही दर्ता नं.: १०६९/०७६/०७७ कर्जा शिर्षकः व्यापार कर्जा	सन्तराम प्रसाद लोध र अन्जली शाहीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक बलरामपुर ७ को कित्ता नं७५ क्षेत्रफल १-१-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपुरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **दिलिप कुमार सिंह लोध** ठेगानाः भगवानपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवाः सन्तराम प्रसाद लोध बाजेः सीता लोध **सन्तराम प्रसाद लोध** ठेगानाः असुरेना-९, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही बुवाः सीता लोध बाजेः मथुरा लोध **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्:हिक्मत बहादुर राना क्षेत्री **सुधा कुमारी लोधी** ठेगाना:लुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुराः सन्तराम प्रसाद लोध श्रीमान्: दिलिपकुमार सिंह लोध **श्याम दुलारी देवी लोध** ठेगानाः बलरामपुर-७, रुपन्देही हाल लुम्बिनी सांस्कृतिक-२,रुपन्देही ससुराः सीता लोध श्रीमान्: सन्तराम प्रसाद लोध
७. **नामः अन्जली पि आर सप्लायर्स** ठेगानाः बुटवल उप.म.न.पा-९, रुपन्देही दर्ता नं.: ४२४०३/०७४ कर्जा शिर्षकः व्यापार कर्जा	हिक्मत बहादुर राना क्षेत्रीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला, साविक आनन्दवन ३/ड को कित्ता नं १३१८ को क्षेत्रफल ०-०-४.५, साविक खुदावागर ३ ड को कित्ता नं १२९ क्षेत्रफल ०-२-५, साविक खुदावागर ३क को कित्ता नं ७९९ क्षेत्रफल ०-०-९ र साविक खुदावगर ३ क को कित्ता नं ८०० क्षेत्रफल ०-३-१७ को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपुरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री
८. **नामः विशाल एण्ड राजेश फर्निचर उद्योग** ठेगानाः बुटवल उप.म.न.पा-९, रुपन्देही दर्ता नं.: ६८०५/०६७/०६८ कर्जा शिर्षकः व्यापार कर्जा	अन्जली साहीको नाममा दर्ता रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, साविक सुनवल ८/ज को कित्ता नं ३०८ को क्षेत्रफल १-७-० को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।	**हिक्मत बहादुर राना क्षेत्री** ठेगानाः सूर्यपुरा-२, रुपन्देही हाल बुटवल-११, रुपन्देही बुवाः टेक बहादुर राना क्षेत्री बाजेः भक्त बहादुर राना क्षेत्री **अन्जली साही** ठेगानाः बुटवल-५, रुपन्देही हाल बुटवल-११, रुपन्देही ससुराः टेक बहादुर राना क्षेत्री श्रीमान्: हिक्मत बहादुर राना क्षेत्री

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प्राङ्गारिक तथा जैविक मल, जैविक विषादी, बीउ बिजन लगायत कृषि सामग्री आपूर्तिकर्ता र निर्यातकर्ताहरूको सूचीकरण सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०६/१५ गते)

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राङ्गारिक कृषि प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्दै प्राङ्गारिक उत्पादनतर्फ कृषकहरुलाई प्रोत्साहित गर्दै आइरहेकोमा आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेशभित्र र बाहिर प्राङ्गारिक तथा जैविक मल, जैविक विषादी, बीउ बिजन, बेर्ना, पशु नश्ल आदि जस्ता कृषि उत्पादन सामग्रीहरु लगायत अन्य प्राङ्गारिक कृषि उपजहरुको उत्पादन, आपूर्ति र निर्यात गर्ने कृषि व्यवसायीहरु सूचीकरण गरी मन्त्रालय तथा मातहतका कार्यालयहरु मार्फत सञ्चालन गरिने प्राङ्गारिक कृषि कार्यक्रममा समन्वय, सहकार्य तथा लागत साझेदारी गर्ने उद्देश्य भएकोले कृषक समूह, सहकारी, फार्म, व्यवसाय, उद्योग तथा कम्पनीहरुलाई यो सूचना प्रकाशन भएको मितिले ९० (नब्बे) दिन भित्र देहायका कागजपत्र संलग्न राखि सूचीकृत हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचीकृत हुन निवेदन सहित आवश्यक कागजातहरु सुर्खेतस्थित मन्त्रालय वा मातहतका जिल्लामा कृषि विकास कार्यालयहरुमा पेश गर्न सकिनेछ। यदि ईमेल मार्फत सूचीकृत हुन चाहेमा molmacp6@gmail.com, CC: dhan.kathayat123@gmail.com र pbgt.2065@gmail.com मा कागजपत्रहरु पठाउन सकिनेछ।

आवश्यक कागजातहरु:

(१) सूचीकृतको निवेदन।
(२) समूह/सहकारी/फर्म/व्यवसाय वा कम्पनीको प्रोफाइल।
(३) दर्ता प्रमाणपत्र, पान नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(४) प्राङ्गारिक कृषि सामग्रीहरु (मल/बीउ/बेर्ना/विषादी आदि) लगायत प्राङ्गारिक कृषि उपजहरुको उत्पादन तथा बिक्री वितरणको वार्षिक विवरण।

विद्यालय शिक्षाले व्यहोरेको बेथिति

विद्यालय शिक्षा सुधारमा दलमा आबद्ध शिक्षक र राजनीतिमा आबद्ध निजी विद्यालयका सञ्चालकको स्वार्थ तगारो बनेको छ




● मनिता कार्की ● डा. ध्रुव बी खड्का

अग्रलेख

शिक्षा क्षेत्रमा अवलम्बन गरिएको नीतिले नै त्यस देशको भविष्य निर्धारण गरेको हुन्छ। विकसित देशहरूले भने शिक्षानीति कार्यान्वयनको ठोस सुनिश्चतता गरेका हुन्छन्। उच्च शिक्षामा विषयगत विशिष्टता र देशको लगानीका कारण विश्वविद्यालयको गुणस्तरमा फरक देखिने भए पनि विद्यालय शिक्षामा भने लगभग एकरूपता पाइन्छ। विद्यालाय शिक्षा राष्ट्रका कर्णाधारको 'नर्सरी' भएकाले यसलाई सबै देशले उच्च प्राथमिकतामा राखेका हुन्छन्। बालबालिकाको प्रतिभा प्रस्फुटनमा विद्यालयको शैक्षिक क्यालेन्डर प्राथमिकतासाथ बनाइएको हुन्छ। राज्यले अठोट गर्ने हो भने विद्यालय शिक्षालाई एकाध वर्षमै गुणस्तरको अन्तर्राष्ट्रियस्तरमा उकास्न सकिन्छ। तर, हाम्रो विद्यालय शिक्षा भने दशकौंदेखि चुकिरहेको छ। यस्तो बेथितिको दुश्चक्रबाट निस्कन के गर्न सकिन्छ त ? केही विमर्श गरौं।

कहाँ चुक्यो देशको विद्यालय शिक्षा : विद्यालय शिक्षा कहाँ चुक्यो भन्दा पनि कहाँ चुकेको छैन भन्ने स्थिति आएको छ। सरकारी तथ्यांकअनुसार प्राथमिक तहको भर्ना शतप्रतिशत भए पनि माध्यमिक तहमा यो घटेर ८५.५४ प्रतिशत पुगेको स्थिति छ। माध्यमिक तहको उमेर समूहका करिब दश लाख बालबालिका विद्यालय संरचनाबाहिरै छन्। एसईई उत्तीर्ण हुने विद्यार्थीको गुणस्तर खस्कँदो छ। आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य भनिए पनि गुणात्मक सुधार तथा संख्यात्मक लक्ष्य प्राप्त गर्न ठोस रणनीतिसमेत देखिँदैन। सार्वजनिक विद्यालयको खस्कँदो गुणस्तरका कारण आम-जनविश्वास गुमाएको अवस्था छ। सुगम स्थानकेन्द्रित निजी विद्यालयले शिक्षाको गुणस्तर धानेका छन्। शैक्षिक असमानताको खाडल गहिरिँदो छ। पछिल्लो समयमा प्राविधिक धारको शिक्षालाई जोड दिइएको भए पनि शिक्षालाई श्रमबजार र स्वरोजगार तथा स्वावलम्बनसँग जोड्नबाट नेपाल सरकार चुकेको छ।

अरू त टाढाको कुरा, राज्यले आमसाक्षरताको सहज लक्ष्यसमेत प्राप्त गर्न सकेको छैन। पञ्चायतको तीन दशकमा ३० प्रतिशत नकटेको साक्षरता, प्रजातन्त्र पुनर्प्राप्तिको तीन दशकपछि पनि ७१.१५ प्रतिशत मात्र छ। जब कि साक्षरताकै लागि भनेर सरकारले प्रौढ शिक्षाका नाममा वैदेशिक ऋण तथा दाताको सहयोगमार्फत करोडौं खर्च गरिसकेको छ। ठोस खाका बनाएर काम गर्ने हो भने स्थानीय जनशक्ति सदुपयोग गरेर न्यूनतम बजेटमा बढीमा पाँच वर्षभित्रै देशलाई पूर्ण साक्षर र १० वर्षभित्र देशको ९५ प्रतिशत जनसंख्यालाई प्राथमिक तह स्तरको शिक्षित बनाउन सकिन्छ। पछिल्लो समयमा त झन् डिजिटल साक्षरताको पनि आवश्यकता भइसकेको छ। यावत् अकर्मण्यतामा सरकारका जिम्मेवार पक्षको काम गराइको निम्नस्तर प्रतिबिम्बित हुन्छ।

विगत तीन दशकमा साक्षरताको सामान्य लक्ष्यसमेत पूरा गर्न नसक्ने नेतृत्वको यही काम गराइले समग्र शिक्षालाई देश विकासको मूलप्रवाहमा जोड्ने अपेक्षा दिवास्वप्न मात्र हो। शिक्षानीतिको फितलो कार्यान्वयनका कारण उच्च माविपछि अहिले लाखौंको संख्यामा विदेशमा पढ्न जाने विद्यार्थीको लार्को लागेको छ। सामान्य नागरिकका सन्तान मात्र होइन, देश बनाउने जिम्मा लिएर बसेका व्यक्तिले नै देशमा आफ्ना सन्तानको भविष्य सुरक्षित देख्न छाडिसकेका छन्।

विद्यालय शिक्षा सुधारमा दलमा आबद्ध शिक्षक र राजनीतिमा आबद्ध निजी विद्यालयका सञ्चालकको स्वार्थ तगारो बनेको छ। देशका कर्णाधारको 'इन्जिनियरिङ' गर्ने आधारभूत संस्था धराशयी हुनुको प्रमुख कारण शिक्षा क्षेत्रमा दशकौंदेखि भएको चरम राजनीतिक हस्तक्षेप नै हो। शिक्षा क्षेत्र बेथितिको दुश्चक्रमा फस्नुको अर्को कारण हो, शिक्षा सुधारका लागि विज्ञहरूले तयार गरेका अध्ययन प्रतिवेदन कार्यान्वयनका लागि सरकारले प्राथमिकता नदिनु। नीति, नियम, कानुन जतिसुकै उत्कृष्ट भए पनि त्यसअनुरूप काम भने हुन सकेन। बेथितिको चाङ पन्छाउने भनिएको विद्यालय शिक्षा विधेयक- ०८० को कार्यान्वयन पक्ष निकै चुनौतीपूर्ण हुने संकेत अहिल्यै आइसकेको छ।

शिक्षा क्षेत्रको संस्थागत विकास र कार्यान्वयन : शिक्षा क्षेत्रको संस्थागत विकासको सुरुवात विसं २०११ मा अमेरिकी शिक्षाविद डा. ह्युग बी उड सल्लाहकार रहेको राष्ट्रिय शिक्षा आयोगको सिफारिसबाट भएको थियो। निकै मिहिन अध्ययन गरेर तयार पारिएको भनेको त्यो खाका शिक्षा क्षेत्रमार्फत आधुनिक युग सुरु गर्ने पहिलो 'ब्लु प्रिन्ट' थियो। विश्व परिवेश नियाल्ने हो भने दक्षिण कोरिया, चीन, सिंगापुर, मलेसिया, इजरायल, गल्फ मुलुकलगायत दर्जनौं विकसित देशले विकासको जग दोस्रो विश्वयुद्धको अन्त्यसँगै विसं १९९० को दशकदेखि विसं ०४० को दशकमा बसाएको देखिन्छ। अपवादबाहेक सबै देशमा आधुनिक शिक्षाको दरिलो जग नै आर्थिक उन्नतिको कडी रहेको छ। यस अर्थमा पञ्चायत काल विश्व-विकासको स्वर्णकाल थियो। सुरुवाती समय भएकाले शिक्षा-उद्योग-यातायात क्षेत्रमा विश्व माहोलको लहरमा केही काम भए पनि नेपालले आधुनिक युगको वेगलाई पक्रन नसकेकै हो।



पञ्चायतको समयमा विद्यालय, प्राविधिक शिक्षालय तथा विश्वविद्यालय स्थापित भए पनि आधुनिक युगको जग बसाल्नुपर्ने गुणस्तरको मानक भने टिठलाग्दो थियो। दुःखको कुरा, पूर्ण लोकतन्त्रको तीन दशक बितिसक्दा पनि डा. उड सम्मिलित आयोगले सात दशकअघि खनिदिएको शिक्षाको जग अझै पनि व्यवस्थित र गुणस्तरीय शिक्षा पुनः निर्माणका लागि आन्तरिक संघर्ष गरिरहेको छ। यसबीच दर्जनौं आयोगका अध्ययन प्रतिवेदनमा समयसापेक्ष खाका कोरिएका भए पनि त्यसलाई शिक्षा मन्त्रालयको दराजमा थन्क्याएर राखियो।

> शिक्षा सेवा आयोगले नियमित पदपूर्ति नगर्दा राष्ट्रिय प्रतिस्पर्धाविना राहत, निजी स्रोत, दरबन्दीजस्ता अनेकौं नाममा शिक्षकको भर्ती गरियो। विद्यालयमा कमजोर जनशक्तिले प्रश्रय पायो। यसले विद्यालयमा कलुषित राजनीतिको जरा गाड्न सहयोग मात्र गरेन, सार्वजनिक विद्यालयको गुणस्तर नै धराशयी बनायो।

०४६ को परिवर्तनपछि पनि विद्यालय शिक्षालाई नै केन्द्रमा राखेर ०५८ मा विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति तथा कार्ययोजनाको अवधारणा पत्र र ०६५ मा विद्यालय शिक्षाका क्षेत्रमा उठेका विभिन्न समस्या समाधानका खाकासहित प्रतिवेदन पेस भएका थिए। ती प्रतिवेदनका जनपक्षीय सुझाब कुनै पनि कार्यान्वयन गरिएनन्। विद्यालय शिक्षालाई राजनीति र व्यावसायिक चंगुलबाट बाहिर निकाल्नुपर्ने आमआवाज दशकौंदेखि उठे पनि राज्य फड्के किनाराको साक्षी बनेर बसिरहेको छ। लोक सेवा आयोगले निजामती सेवामा जस्तो शिक्षा क्षेत्रका जनशक्तिको नियमित पदपूर्ति नगर्दा राष्ट्रिय प्रतिस्पर्धाविना राहत, निजी स्रोत, दरबन्दीजस्ता अनेकौं उपनाममा शिक्षकको भर्ती गरियो। विद्यालयमा कमजोर जनशक्तिले प्रश्रय पायो। जसले विद्यालयमा कलुषित राजनीतिको जरा गाड्न सहयोग मात्र गरेन, सार्वजनिक विद्यालयको गुणस्तर नै धराशयी बनायो। फलस्वरूप निजी विद्यालयको शिक्षाको बजार विस्तार यति द्रुतगतिमा भयो कि विद्यालय शिक्षा व्यावसायिक दुश्चक्रमा फस्यो।

विद्यालय शिक्षामा सरकारी-निजीको सन्दर्भ : पछिल्लो तथ्यांकअनुसार नेपालका कुल ३४ हजार तीन सय ६८ विद्यालयमध्ये लगभग ७७ प्रतिशत सार्वजनिक विद्यालय, २० प्रतिशत निजी विद्यालय छन्। तीन चौथाइभन्दा बढी सरकारी स्कुल छन् तर शिक्षाको गुणस्तर भने निजी स्कुलले धानिरहेको अवस्था छ। हामीले गम्भीर हुनुपर्ने कुरा के हो भने विकसित देशमा नेपालमा जस्तो सार्वजनिक विद्यालय निजीभन्दा कमसलचाहिँ हुँदैनन्। सार्वजनिक तथा निजी विद्यालयको विश्व परिवेश गुणात्मक र प्रतिस्पर्धी छ। जस्तो कि नेपालमा आधारभूत तहसम्म अनिवार्य गरेजस्तै जापानमा मिडल स्कुल (१-९) सम्मको शिक्षा अनिवार्य छ। जहाँ विद्यालयको १२ कक्षासम्मको शिक्षा ९९ प्रतिशतले पूरा गर्छन्। अचम्मको तथ्य के छ भने सरकारी स्कुलको गुणस्तर उत्कृष्ट हुँदाहुँदै पनि विद्यालयको १०-१२ कक्षामा भने ३० प्रतिशत विद्यार्थी निजी स्कुलमा पढ्ने रहेछन् र विश्वविद्यालयका ८० प्रतिशत विद्यार्थी निजी स्कुलबाट पढेका हुने रहेछन्। दक्षिण कोरियाको सार्वजनिक शिक्षामा भने नेपालमा जस्तै आकर्षण कम हुँदै गएको अवस्था छ। ९४.२ प्रतिशत स्कुले उमेरका विद्यार्थी अध्ययन गर्ने कोरियामा सन् २०२२ मा ७८ प्रतिशत विद्यार्थी निजी स्कुलमा पढिरहेका छन्। जुन कोरियाली सरकारको टाउको दुखाइको विषय बनेको छ। अचम्मलाग्दो के छ भने चीनजस्तो कम्युनिस्ट मुलुकमा पनि १८.०५ प्रतिशत विद्यार्थी निजी स्कुलमा पढ्छन्। तर, शिक्षामा अब्बल मानिएको सिंगापुरमा भने ५.४३ प्रतिशत विद्यार्थीले मात्र निजी विद्यालयमा पढ्ने रहेछन्। जब कि २५ प्रतिशत निजी विद्यालयको हिस्सा रहेको अमेरिकामा १० प्रतिशत विद्यार्थी अध्ययनरत छन्। यी तथ्यांकले के देखाउँछन् भने सुविधासम्पन्न सरकारी विद्यालय र शिक्षकको उच्च सेवा-सुविधा भएका देशमा पनि निजी विद्यालयप्रतिको आकर्षण बढी रहेको अवस्थामा हाम्रा अव्यवस्थित सार्वजनिक विद्यालयका कारण निजी विद्यालयप्रति जनाकर्षण झनै द्रुत गतिमा बढ्ने निश्चित प्रायः छ। यसलाई रोक्न सार्वजनिक विद्यालयको सुधारमा कठोर कदम चाल्नुको विकल्प छैन।

अबको बाटो : दर्जनौं समस्याले जेलिएको हाम्रो शिक्षा क्षेत्रलाई सुधार्न ठोस खाकासहित कानुनी प्रावधानमै किटान गरेर जानुपर्छ। उत्कृष्ट शिक्षक सुनिश्चित गर्न नियमित शिक्षा आयोग खुलाउने र अस्थायी शिक्षक नियुक्ति गर्नुपर्ने स्थितिमा शिक्षा सेवाले योग्य शिक्षकको राष्ट्रिय अनलाइन पोर्टलको व्यावस्था गर्नु आवश्यक छ। अहिले शिक्षा संकायमा अध्ययन गर्ने विद्यार्थीको अपवादबाहेक कमजोर शैक्षिक पृष्ठभूमिका रहेको पाइन्छ। यसलाई सुधार्न विश्वविद्यालयको शिक्षा संकायको पुनर्संरचना गरेर बाल विकास, विशेष कक्षा सञ्चालन, आधारभूत तह, माध्यमिक तहको विषयगत, विद्यालय प्रशासन तथा अन्य विविध क्षेत्रका विधागत कोर्स सञ्चालन गर्नु उचित हुन्छ। शिक्षकको सेवा सुविधालाई निजामती सेवाभन्दा आकर्षक बनाउनुपर्छ। कानुनतः विद्यालय राजनीति निषेधित क्षेत्र घोषित हुनुपर्छ। अर्को महत्त्वपूर्ण कुरा भनेको शिक्षामा भइरहेको व्यापारलाई रोक्नु हो। विकसित देशमा निजी विद्यालय प्रायः गैरनाफामूलक हुन्छन्। हाम्रोमा पनि अहिले सञ्चालन रहेका निजी विद्यालयलाई केही प्रावधानसहित गैरनाफामूलक बनाउनुपर्छ। देशको शैक्षिक बेथितिको दुश्चक्र रोक्न सरकारले कार्ययोजना, रणनीति र कानुनी खेम्राका ठेली मन्त्रालयका दराजबाट निकालोस् र कार्यकारी टेबलमा राखेर तत्काल काम सुरु गरोस्।

(कार्की वासेदा विश्वविद्यालयमा विकासशील देशको शिक्षानीतिबारे विद्यावारिधि तहकी शोधार्थी हुन् भने खड्का पदार्थ विज्ञानका अनुसन्धानकर्ता हुन्)

---

३ प्रश्न

पूर्वनायब महालेखापरीक्षक **शुकदेव भट्टराई खत्री**लाई



बहालवाला उद्योगसचिवलगायतविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता हुनुले के संकेत गर्छ ?

अख्तियार, सम्पत्ति शुद्धीकरण विभागजस्ता निकायका पदाधिकारी भागबन्डाका आधारमा नियुक्त भएका हुन्छन्। त्यसरी नियुक्ति पाउने पदाधिकारीले आफूलाई नियुक्त गर्ने राजनीतिक नेतृत्वलाई जसरी पनि जोगाउँछन्। सुनकाण्ड, ललितानिवास प्रकरण, भुटानी शरणार्थी प्रकरणलगायतमा पनि त्यही देखियो। ललितानिवास प्रकरणमा पनि आदेश दिने राजनीतिक नेतृत्व कोही परेनन्। आदेश पालना गर्ने कर्मचारी मात्र परे। यसमा हामीले सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छौं। तर, त्यसको सुनुवाइ ६ महिनापछि हुने अवस्था छ।

राजनीतिक नेतृत्व नजोडिने र कर्मचारीचाहिं तानिने स्थिति कति सहज हो ?

यस विषयमा अख्तियार अलि बायस छ। ०७२ को संविधान आएपछि राजनीतिक नेतृत्वलाई अख्तियारले छुने हिम्मत नै गरेको छैन। उसले जहिल्यै राजनीतिक नेतृत्वलाई बचाउने र काम देखाउन तलकालाई मुद्दा दायर गर्ने काम गर्दै आएको छ। यस्ता गतिविधिले मुलुकमा ठूला र सानाका लागि फरक-फरक कानुन भएको आभाष गराएको छ।

अख्तियारको अहिलेको गति ठीकै हो कि यसमा सुधार अझै जरुरी छ ?

अख्तियारको कार्यक्षेत्र नै साँघुरो छ। उसले सेना, अदालत र संवैधानिक निकायमा छिर्न पाउँदैन। राजनीतिक भागबन्डामा नियुक्ति पाएका अधिकारीले आफूलाई नियुक्त गर्ने नेतृत्व जोडिने अवस्थाका सम्पूर्ण मुद्दा तामेलीमा राख्ने गरेका छन्। संविधानमै सुधार नगरी अख्तियारमा सुधार हुन सक्दैन। राजनीतिक नियुक्ति बन्द नभएसम्म आफ्नालाई जोगाउने खेल चलिरहन्छ। र अख्तियारले गति पनि लिन सक्दैन।

प्रेरक प्रसंग

विवेकानन्दको वाक्कला

सन् १८९३ मा अमेरिकाको सिकागोमा विश्व धर्म सम्मेलन हुँदै थियो। सम्मेलनमा संसारका धेरै देशबाट विभिन्न धर्मका प्रतिनिधि सहभागी भएका थिए। सम्मेलनका सहभागी सबै आआफ्नो धर्मका दिग्गज ज्ञाता थिए। उनीहरू सबै आआफ्नो धर्मलाई महान् र श्रेष्ठ साबित गर्न कम्मर कसेर लागिपरेका थिए।

सहभागीहरूको समूहमा भारतबाट हिन्दू धर्मको प्रतिनित्व गर्दै सिकागो पुगेका स्वामी विवेकानन्द पनि थिए। सम्मेलनका विभिन्न सत्र चलिरहेका थिए। एकदिन सहभागीमध्ये कसैले विभिन्न धर्मका धार्मिक पुस्तकलाई चाङ लगाएर टेबलमाथि राखेका थिए। उनले चाङको सबैभन्दा तल हिन्दूहरूको पवित्र ग्रन्थ भागवत् गीतालाई राखेका थिए भने सबैभन्दा माथि चाहिँ पवित्र बाइबललाई राखेका थिए। उनले हिन्दू धर्मलाई तल पार्न जानाजान यसो गरेका थिए। यसै क्रममा आफ्नो विचार राख्न स्वामी विवेकानन्द मञ्चतिर अघि बढे। केही दिनदेखि उनको तार्किक वाक्कलाबाट त्यहाँ उनका समर्थक बढिरहेका थिए। धेरैले उनीमाथि चासो राख्न थालेका थिए। त्यतिखेर पनि स्वामी विवेकानन्द मञ्चतिर बढ्दै गर्दा सबैको ध्यान उनीमाथि नै केन्द्रित थियो। उनी मञ्चको नजिकै धार्मिक पुस्तकहरू चाङ लगाएर राखिएको टेबलछेउमा पुगे। उनले चाङको पुछारमा राखिएको भागवत् गीतालाई यसो मायाले सुम्सुम्याए र फुत्त चाङबाट बाहिर थुते। उनले गीतालाई थुत्दा माथि राखिएका सबै पुस्तक चाङबाट यताउता छरिए। उनले छरिएका पुस्तकलाई सम्मानसाथ टिपेर टेबलमै राखे र गीता हातमा लिएर मञ्चमा पुगे।

मञ्चमा पुगेपछि उनी मुसुक्क मुस्कुराए र आफ्नो सम्बोधन सुरु गरे। औपचारिक सम्बोधनपछि उनले भने- मैले भागवत् गीता निकाल्दा यहाँहरूका धार्मिक पुस्तक भुइँमा खसेकामा क्षमा चाहन्छु। जसले यहाँ यी किताब चाङ लगाएर राख्नुभयो, उहाँलाई म हार्दिक धन्यवाद दिन्छु। जसरी अहिले भागवत् गीतालाई चाङबाट हटाउँदा तपाईंहरूका धार्मिक पुस्तक यताउता छरिए, ठिक त्यसैगरी हिन्दू धर्म नहुने हो भने तपाईंहरूका धर्म पनि यसैगरी छरिनेछन्। किनकि, हिन्दू धर्म सबै धर्मको आधार हो। उनको यस भनाइपछि हलमा केहीबेर सन्नाटा छायो। र, अन्त्यमा सबैले पर्रर ताली बजाए।

टिप्पणी nayapatrikaofficial @naya_patrika

सुन प्रकरण सामसुम पार्ने दाउ

तस्करीको सुन समातिएको तीन महिनापछि जाँचबुझ आयोग गठन भएको छ। यसको मक्सद भनेको प्रहरी संगठनको अनुसन्धानलाई निस्तेज पार्नु र पेसागत दक्षता हासिल गरेका अनुसन्धान अधिकृतको मनोबल गिराउनु हो भन्ने तर्क धेरैले गरेका छन्। समग्रमा हेर्दा मिर्गौला फेर्नुपर्ने बिरामीको केस एउटा सर्जनबाट झिकेर वैद्यकोमा पुऱ्याएर रोगीलाई बचाउने चेष्टा गरेकोजस्तो देखिएको छ। राजनीतिक दलहरूको सहमतिमा यस्ता आयोग बनाउनु भनेको अत्यधिक जनचासोको विषय भएको कुरालाई अन्यत्र लैजानु हो भन्ने तथ्य विगतका परिपाटीबाट पनि पुष्टि भएको देखिन्छ। आयोगको कार्यादेश हेर्दा नै कुरा ठूलो हुने र काम केही नहुने राजनीतिक चरित्र टड्कारो रूपमा देखापरेको छ।

● **महेशप्रसाद ढुंगाना**, नयाँबानेश्वर, काठमाडौं
maheshdhungana810@gmail.com

पशुपतिको नाममा भ्रष्टाचार !

मानिसहरू पशुपतिनाथलाई आफ्नो आस्थाको धरोहर मान्छन्। आफूले सकेको पशुपतिनाथलाई भेटी समर्पण गर्छन् र मनलाई शान्ति दिन्छन्। तर, यहाँ तिनै पशुपतिनाथ क्षेत्रको विकास र संरक्षण गर्न भनी खेलेको विकास कोषमा विभिन्न नेताका बुई चढेर पुगेका पदाधिकारीले भने तिनै पशुपतिनाथको नाममा चढाइएको सुनमा समेत च्याल काढेर भ्रष्टाचार गरेका छन्। अहिले अख्तियारले डेढ किलो सुन भ्रष्टाचार गरेको भन्दै दायर गरेको मुद्दा त्यसैको उदाहरण हो।

● **अनिताकुमारी साह**
गौशाला, काठमाडौं

आयोगलाई शुभकामना

ढिलै भए पनि सरकारले सुन तस्करीबारे जाँचबुझ गर्न उच्चस्तरीय आयोग गठन गरेको छ। धेरैले आयोग गठनबारे चासो दिइरहेको समयमा कतिपयले चाहिँ यो तस्करीको घटना सामसुम पार्न दलहरूले जनताको आँखामा छारो हाल्ने नियतले यो आयोग अघि सारेको दाबी पनि गरिरहेका छन्। तर, आयोगले आफ्नो कार्यादेशअनुसार काम गरी जरैसम्म पुगेर अनुसन्धान गर्न सक्यो भने यो निकै ठूलो सफलता ठहरिनेछ। आयोग यसमा सफल बनोस्।

● **भरत महतो**
कुलेश्वर, काठमाडौं

गौतमसितका सहमति-असहमति

१४ असोजको नयाँ पत्रिकामा पामिर गौतमको लेख 'भारतको नेतृत्व दाबी र वास्तविकता' पढें। बुद्धले एक दिन ढोकाअगाडि भिक्षापात्र फैलाएर आवाज दिए। घरमुली निस्केर भने- म एक किसान हुँ, मिहिनेतले अन्न उब्जाउँछु। यो सित्तैमा दिन सकिन्न। बुद्धले विनम्रतापूर्वक भने- म पनि त एक किसान नै हुँ र तपस्याले ज्ञान उपार्जन गर्छु तर सित्तैमा बाँड्छु।

लेखकको प्रसंगमा म यही भन्न चाहन्छु कि यहाँ चीन त्यही किसान हो र भारत बुद्ध। चीनले सित्तैमा केही दिँदैन तर भारतले आफ्ना ज्ञानको अपार भण्डार सित्तैमा दिँदै आएको प्रमाण छ। उसले सम्पूर्ण ब्रह्माण्डका ज्ञानको केस्राकेस्रा केलाएर जगत्लाई बाँडेको छ। यस मामिलामा भारत विश्वगुरु पहिल्यैदेखि छ। कुनै वेला संसारले नै उसलाई विश्वगुरु मानेको थियो। त्यति वेला चीन रेशम बेचेर पैसा सोहोर्दै थियो र अहिले पनि त्यसैको सुरमा छ। तर, विश्वगुरु त भारत नै थियो र हुनेछ। जुन लेखकले देखाएका आँकडा र सैनिक शक्तिले निर्धारण हुने विषय होइन।

कृष्ण, चाणक्य, गान्धी सबै विश्वगुरु हुन्। भारत त विश्वगुरु मात्र होइन, विश्वगुरुको भण्डार नै हो। हो, जयशंकरले जुन आर्फै नेतृत्वको दाबी गरेका छन्, त्यो अर्थहीन छ। विश्वगुरु त दुनियाँ स्वयंले मान्ने हो। अमेरिकाबारे भने लेखक ठीक छन्।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

साउदी अरबको नयाँ राष्ट्रवाद

साउदी अरबका नेता मोहम्मद बिन सलमान सत्तामा आफ्नो अस्तित्व सुनिश्चित गर्न धर्मभन्दा राष्ट्रवादमा निर्भर हुनुपर्छ भन्ने मान्यता राख्छन्



देश / विदेश

● बर्नार्ड हेकेल

साउदी अरबमा राष्ट्रवादी रूपान्तरण भइरहेको छ। यस वर्षको साउदी अरबको राष्ट्रिय दिवस (२३ सेप्टेम्बर) मा अधिराज्यभरका मानिस विशेषतः बहुसंख्यक युवा सैन्य विमानको झाँकीतर्फ झन्डा फहराउँदै नाचिरहेका थिए। साउदी राजकुमार मोहम्मद बिन सलमान (एमबिएस) ले आयोजना गरेको समारोहमा देखिएको राष्ट्रवादी उभारले मुलुकको राजनीतिक एवं आर्थिक सुधारलाई इंगित गरिरहेको थियो।

सुरु गर्दै विदेश नीतिका सुधारबाट। साउदीले चीनको मध्यस्थतामा इरानसँग मेलमिलाप गरेको छ। त्यसैगरी, अमेरिकाको सौजन्यमा साउदीले कूटनीतिक सम्बन्धलाई सामान्य बनाउन इजरायलसँग संवाद थालेको छ। यति मात्रै नभई साउदीले प्रमुख विकासशील अर्थतन्त्रको समूह ब्रिक्समा प्रवेश पाएको छ र यमनमा भइरहेको युद्ध अन्त्य गर्न पहलकदमी पनि लिएको छ। घरेलु स्तरमा पनि साउदी अधिराज्यमा ठूलो परिवर्तन भएको छ, जहाँ सत्ता राजकुमार एमबिएस केन्द्रित भएको छ। त्यसैगरी साउदीले भिन्न मत विशेषतः वैकल्पिक राजनीतिक व्यवस्थाको पैरवी गर्ने इस्लामवादीमाथि दमन गरिरहेको छ। साउदी सत्ताको भाष्यअनुकूल हुने गरी इतिहास र विद्यालयको पाठ्यक्रममा परिवर्तन गरिएको छ। यसबाहेक साउदी अधिराज्यले अन्तर्राष्ट्रिय खेलकुद (विशेषतः गल्फ र फुटबल) मा व्यापक लगानी गरेको छ। र, तेल नीति पनि दीर्घकालीन आर्थिक आवश्यकताअनुसार तर्जुमा गरिएको छ।

एमबिएसको सुधारले राज्यलाई तेलको राजस्वमाथिको भारी निर्भरताबाट मुक्त गर्दै जाने र विभिन्न क्षेत्रबाट आय आर्जन गर्न विविध अर्थतन्त्रको सिर्जना गर्ने लक्ष्य राखेको छ। यसलाई हासिल गर्न सरकारले धेरै महत्त्वाकांक्षी परियोजना प्रारम्भ गरेको छ। उदाहरणका लागि लाल सागरछेउ कार्बनमुक्त सहर निओम परियोजनालाई लिन सकिन्छ। यो परियोजना निकै खर्चिलो छ, यहाँसम्म कि तेल उत्पादन गर्ने मुलुकको अर्थतन्त्रका लागि पनि यो परियोजना निकै महँगो हो।

हालका घटनाक्रमबारे बुझ्न सन् २०१६ पछि साउदी नीतिमाथिको एमबिएसको धारणामा ध्यान केन्द्रित गर्न आवश्यक छ। आफ्ना पूर्ववर्तीले देशको हितमा क्षति पुऱ्याएर गल्ती गरेका छन् भन्ने उनको विश्वास छ। उदाहरणका लागि उनी इस्लामवादप्रतिको विगतको सत्ताको समर्थनको आलोचना गर्छन्। साउदीमा मौजुदा इस्लामवादका लागि आंशिक रूपमा मुलुकभित्रको धार्मिक विरोध र सन् १९७९ को इरानी क्रान्तिको प्रतिक्रिया जिम्मेवार थियो। र, एमबिएस यो इस्लामवादलाई गम्भीर त्रुटिका रूपमा हेर्छन्। साउदी इस्लामवादले स्थिरतालाई प्रोत्साहन गर्नुको सट्टा मुस्लिम ब्रदरहुड, अल-कायदा र अल साउद राजवंशलाई नै चुनौती दिँदै इस्लामिक राज्य कट्टरपन्थी इस्लामवादी शत्रुको उदय गरायो। एमबिएस सत्तामा आफ्नो अस्तित्व सुनिश्चित गर्न धर्मभन्दा राष्ट्रवादमा निर्भर हुनुपर्छ भन्ने मान्यता राख्छन्। उनी भ्रष्टाचार, कर्मचारीतन्त्रको अक्षमता र तेलमा मात्रै निर्भर अर्थव्यवस्था विविधीकरण गर्न नसक्दा साउदी अरब गम्भीर रूपमा अस्थिर बनेको तर्क गर्छन्। उनले देशको भविष्य सुरक्षित गर्न यी ऐतिहासिक गल्तीलाई तत्काल सच्याउनुपर्नेमा जोड दिँदै आएका छन्।

साउदी अरबको घरेलु सुधार र विदेश नीति अन्योन्याश्रित छन् किनभने राज्यको आर्थिक सफलता मध्यपूर्व क्षेत्रमा शान्ति र स्थिरता हासिल गरेर नै सम्भव छ। एमबिएसले साउदी अरबलाई एक महत्त्वपूर्ण भूराजनीतिक खेलाडी र व्यापार, यातायात, बन्दोबस्ती र पूर्व एवं पश्चिम जोड्ने सञ्चारको मिलनबिन्दुका रूपमा परिकल्पना गर्छन्। यही कारणले गर्दा साउदीले इजरायलसँग वार्ता गर्न खोजिरहेको छ।



तस्बिर : म्यान्डेल एंगेन/एएफपी

इजरायल-अरब द्वन्द्वले क्षेत्रीय अस्थिरता निम्त्याएको छ। स्मरण रहोस्, भूमध्यसागरको प्रवेशद्वारका रूपमा रहेको इजरायलको भौगोलिक स्थानका कारण इजरायल भारतदेखि युरोपसम्म फैलिएको विश्वव्यापी सञ्जालको महत्त्वपूर्ण कडी हो।

हालैको एक अन्तर्वार्तामा एमबिएसले साउदी अरबलाई विश्वको शीर्ष १० अर्थतन्त्रमा पुऱ्याउने इच्छा व्यक्त गरेका थिए। साउदी पहिल्यै जी-२० भित्र १५औं ठूलो अर्थतन्त्रका रूपमा रहेको छ। उनले जी-७ मा समेत प्रवेश गर्ने लालसा व्यक्त गरेका थिए, तर सफल हुन सकेनन्। तर, मुलुक आर्थिक वृद्धि र ठूला विश्व शक्तिसँग राम्रो सम्बन्ध कायम राख्न ब्रिक्समा सामेल भएका थिए। ब्रिक्समा सामेल हुँदा उनले पश्चिमा शक्ति चिढ्याएको होइन भन्नेमा भने जोड दिएका थिए। कर्पोरेट कम्पनीका प्रमुख कार्यकारी अधिकृतले झैं एमबिएस तथ्यांकलाई केलाएर नेतृत्व हासिल गर्न सकिन्छ भन्नेमा विश्वास गर्छन्। अमेरिका र चीनले आर्थिक सम्बन्ध विच्छेद गरिरहँदा एमबिएस विश्वव्यापी उदार आर्थिक व्यवस्थालाई प्रोत्साहन गर्छन् र २१औं शताब्दीका प्रमुख राष्ट्र अमेरिका, चीन र भारतसँग सक्रिय रूपमा व्यापार सम्बन्ध विकास गर्न चाहन्छन्।

तर, जब राष्ट्रिय सुरक्षा र रणनीतिक गठबन्धनको कुरा आउँछ, एमबिएस दृढतापूर्वक अमेरिकी समर्थक रहन्छन्। साउदी सेना अमेरिकाबाट धेरै हदसम्म सुसज्जित र प्रशिक्षित छ भन्ने तथ्यलाई ध्यानमा राख्दा अमेरिका-साउदी सम्बन्धको अन्त्य निकै महँगो पर्नेछ।

एमबिएसअन्तर्गतको साउदी अरबलाई एक उदीयमान शक्तिका रूपमा हेर्न सकिन्छ, जसले आफ्नो उपलब्ध सम्पत्ति आफ्नो अर्थतन्त्रको विकास र विविधीकरण गर्न प्रयोग गर्न चाहन्छ। त्यसैगरी साउदीले अमेरिका, चीन, रुस र केही हदसम्म युरोपजस्ता ठूला शक्तिबीच विभाजित भएको विश्वमा आफ्नो प्रभाव बढाउन आफ्नो स्रोत र कूटनीतिक सम्बन्ध प्रयोग गर्ने लक्ष्य राखेको छ। एमबिएसले जटिल वैश्विक राजनीतिक परिदृश्य सम्हाल्ने सीप देखाएका छन्। इरानसँगको समस्या समाधानका लागि चिनियाँ मध्यस्थता र इजरायलसँग संवाद गर्न अमेरिकी सहयोग खोज्नु यो परिपक्वताको द्योतक हो। यी रणनीतिक चालले कूटनीतिक चालबाजीमा उनको निपुणता झल्काउँछ।

(हेकेल प्रिन्सटन विश्वविद्यालयका नर्थ इस्टर्न स्टडिजका प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति २०८०/०६/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

नाम : प्रेम कुमारी थारु बाबु : जीत बहादुर थारु पति : बलराम चौधरी थारु . ससुरा : सुध्दु थारु ठेगाना : हाटी फर्साटिकर -४, रुपन्देही (हाल: ओमसतिया -३, रुपन्देही) हालको ठेगाना : रामग्राम न.पा.-०१, सिद्धार्थटोल, नवलपरासी ना.प्र.नं. : ३७३०१८।२४७ जारी मिति : २०६३/१०/१० जि.प्र.का. : रुपन्देही	**१. नाम : बलराम चौधरी थारु** बाबु : सुध्दु थारु बाजे : ढोडे थारु ठेगाना : हाटी फर्साटिकर -४, रुपन्देही (हाल: ओमसतिया -३, रुपन्देही) हालको ठेगाना : रामग्राम न.पा.-०१, सिद्धार्थटोल, नवलपरासी ना.प्र.नं. : १७४९१ जारी मिति : २०५७/०५/२९ जि.प्र.का. : रुपन्देही
२. नाम : सुध्दु थारु बाबु : ढोडे थारु . बाजे : तिखु थारु ठेगाना : हाटी फर्साटिकर -४, रुपन्देही (हाल: ओमसतिया -३, रुपन्देही) हालको ठेगाना : तिलोत्तमा न.पा., वडा नं. ६, रुपन्देही ना.प्र.नं. : ९।५८ जारी मिति : २०४५/०२/१४ जि.प्र.का. : रुपन्देही	**३. नाम : रस्मिता थारु** बाबु : बलराम चौधरी थारु . बाजे : सुध्दु थारु ठेगाना : ओमसतिया -३, रुपन्देही हाल : तिलोत्तमा न.पा. वडा नं. ६, रुपन्देही ना.प्र.नं. : ३७-०१-७९-०५०७२ जारी मिति : २०७९/०४/२६ जि.प्र.का. : रुपन्देही

माथि उल्लिखित ऋणिहरु एस. आर. जनरल स्टोर्स र प्रेम कुमारी थारुले लिएको ऋण कर्जाको लागि धितो राखिएको सम्पतिको विवरण:

१. धितो सुरक्षण धनीको नामः बलराम चौधरी थारु

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु.क.)	कैफियत
नवलपरासी (ब.सु.प.)	परासी	३/३	१८६८	०-०-१०-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत ऋणी **फर्म एस. आर. जनरल स्टोर्स** र ऋणी **प्रेम कुमारी थारु**ले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कावासोती, नवलपरासी (ब.सु.पू.) को तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०६/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दाबी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण
नथु राम महतोको नाति, शिखा राम महतोको छोरा, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **झण्डा राम महतो** (ना.प्र.नं. ३६९६४५, जारी मिति २०४३/११/२१, जि.प्र.का. नवलपरासी)।
व्यक्तिगत जमानीकर्ताको विवरण
१. शिखा राम महतोको नाती, झण्डा राम महतोको छोरा, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **अमिर महतो** (ना.प्र.नं. ३६३००८/९६२, जारी मिति २०७०/०२/२६, जि.प्र.का. नवलपरासी)।
२. शिखा राम महतोको नाती, झण्डा राम महतोको छोरा, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **मनोज महतो** (ना.प्र.नं. ३६२००८/१२७९, जारी मिति २०७०/०८/३०, जि.प्र.का. नवलपरासी)।
३. शिखा राम महतोको बुहारी, झण्डा राम महतोको पत्नि, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **मतिया महतो** (ना.प्र.नं. ०९०/३५२, जारी मिति २०४५/०१/२६, जि.प्र.का. नवलपरासी)।
धितोको विवरण
शिखा राम महतोको बुहारी, झण्डा राम महतोको पत्नि, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने मतिया महतो (ना.प्र.नं. ०९०/३५२, जारी मिति २०४५/०१/२६, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक देवचुली गा.वि.स./न.पा. वडा नं. १२ हाल नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. ४ क स्थित कि.नं. ८९० को क्षेत्रफल ०-३-१० (विघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

Siddhartha Bank

शाखा कार्यालय : कावाशोती, नवलपरासी (ब.सु.पू.)
फोन नं. ०७८-५४११३३
Website : www.siddharthabank.com

आइएमएफको मिसन टोली र सिबिफिनबीच भेटघाट

आर्थिक शिथिलता सुधार्न सरकारले तत्काल पहल गर्नुपर्छ : आइएमएफ



काठमाडौं / अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले वर्तमान समयमा देखिएको आर्थिक शिथिलतालाई सुधार गर्न नेपाल सरकारबाट तत्काल कदम उठाउनुपर्ने बताएको छ। आइएमएफको मुख्यालयबाट टिडिआन किन्दाको नेतृत्वमा नेपाल आएको टोलीले बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन)सँगको भेटवार्तामा यस्तो बताएका हुन्।

विश्व अर्थतन्त्रमै शिथिलता छाइरहेको सन्दर्भमा नेपालको अर्थतन्त्रमा पनि संकुचन देखिनु स्वाभाविक भए तापनि सुधारका लागि काम गर्नुपर्ने उनीहरूको भनाइ छ। नेपालजस्तो सुन्दर, प्राकृतिक सम्पदा र युवा जनशक्तिले भरिपूर्ण देशले आर्थिक उन्नतिको लय समात्न नसक्नुका कारण, नेपालले आर्थिक सुधारका लागि तत्काल पहलकदमी लिनुपर्ने मुख्य विषय र साझेदार संस्थाहरूको सम्भावित भूमिकाका विषयमा जिज्ञासा व्यक्त गरेका थिए।

मिसन टोलीको जिज्ञासा मेट्दै सिबिफिनका अध्यक्ष पवन गोल्यानले नेपालको कृषि, वनपैदावार, ऊर्जा, पर्यटनलगायतका क्षेत्रहरूमा देखिएका अथाह सम्भावनालाई ध्यान दिँदै नेपाल सरकार तथा मातहतका नियामक निकायहरूले मैत्रीपूर्ण नीति र वातावरण बनाई समग्र निजी क्षेत्रमा उत्साह जगाउनुपर्ने बताए। साथै, पुँजीगत खर्च प्रणालीमा व्यापक सुधार गर्नुपर्ने, पूर्वाधारको विकासमा विशेष जोड दिइनुपर्ने, उत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक क्षेत्रलाई प्रोत्साहनसहित प्राथमिकता दिइनुपर्ने उनको भनाइ छ।

वीरगन्जमा दसैँलक्षित रात्रिबजार लाग्दै

वीरगन्ज / दसैँलाई लक्षित गरी वीरगन्जमा पाँचदिने 'रात्रिबजार' लाग्ने भएको छ। वीरगन्ज महानगरपालिकाको आयोजनामा घटस्थापनाबाट पाँच दिन 'रात्रिबजार' लगाउने तयारी गरिएको महानगरका मेयर राजेशमान सिंहले जानकारी दिए। आदर्शनगरस्थित पुरानो बसपार्कमा सुरु हुने 'रात्रिबजार' २ कात्तिकसम्म चल्नेछ। रात्रिबजारमा भारतबाट प्रवेश गर्ने वीरगन्जस्थित मुख्य नाका पाँच दिनका लागि राति १२ बजेसम्म खुला रहने उनले बताए। भारतीय पर्यटक भित्र्याउन वीरगन्ज नाका रातको १२ बजेसम्म खुला रहने मेयर सिंहले बताए।

सामान्यतया नेपाल-भारत सीमानाका राति १० देखि बिहान ५ बजेसम्म दुवैतर्फ बन्द हुने गर्छ। तर, रात्रिबजार लाग्ने पाँच दिन नाका राति १२ बजेसम्म खुला राख्न महानगरले नेपाल र भारत दुवै देशका सीमावर्ती सुरक्षा निकायसँग सहमति लिइसकेको छ। दुई महिना मौसम अनुकूल नभएपछि रोकिएको दुईदिने रात्रिबजार यसपटक पाँचदिने लगाउन थालिएको मेयर सिंहले बताए। 'रात्रिबजार'मा सर्वसाधारणलाई सहज हुने गरी सहुलियत पसलसमेत सञ्चालन गर्ने महानगरले जनाएको छ।

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल
फोनः ०२३-४०११५५, इमेलः kanakai.mun@gmail.com

सडक सुधार शुल्क सम्बन्धी आन्तरिक आयको विद्युतीय बोलपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०६/१६

१. यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" अनुसार तपशिल कार्यहरुको लागि बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आह्वानको सूचना प्रकशित गरिएकोछ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम रहेकोछ।

तपशिल :

क्र. स.	सम्झौता संकेत नं.:	कार्य तथा आन्तरिक आय संकलन क्षेत्र	आ.व. २०८०/८१ को लागि न्यूनतम रकम	बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय	बोलपत्र फाराम शुल्क	बोलपत्रको मान्य हुने अवधि	बोलपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा)	बोलपत्र जमानतको मान्य हुने न्यूनतम अवधि
1	KANAKAI/IR/ 2080/81-05	विरिङ्ग खोला क्षेत्रको नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनबाट संकलन क्षेत्रमा लिईने सडक सुधार शुल्क	रु. ४१,१४,५५६।-	०१ कार्तिक २०८०, मध्यान्ह १२:०० बजे	रु. ३,०००	९० दिन	कबोल रकमको न्यूनतम ५ प्रतिशत	१२० दिन

नोट : बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। बोलपत्र सम्बन्धी कागजात सार्वजनिक खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिद प्रणाली (https://bolpatra.gov.np/egp/) मा उपलब्ध छ।

प्रमुख प्रशासकीय अधिकृत

अख्तियारमा परेका ६७% उजुरी प्रारम्भिक छानबिनबाटै किनारा, आठ हजार तामेलीमा

गत आर्थिक वर्ष सचिवदेखि सहयोगीसम्मका ३५९ कर्मचारी र ३०९ निर्वाचित मनोनीत पदाधिकारीविरुद्ध मुद्दा दायर

काठमाडौं/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीमध्ये करिब ६७% प्रारम्भिक छानबिनबाटै किनारा लागेका छन् । गत आर्थिक वर्ष ०७९/८० मा कारबाही गरेकामध्ये १८ हजार ७९९ उजुरी स्क्रिनिङ र प्रारम्भिक छानबिनबाटै फर्स्योट भएका हुन् । सो आवमा अख्तियारले २८ हजार ६७ उजुरीमाथि कारबाही गरेको थियो ।

अख्तियारले सोमबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ३३औँ वार्षिक प्रतिवेदनमा सबैभन्दा धेरै उजुरी स्थानीय तहका रहेको उल्लेख छ । स्थानीय तहसम्बन्धीका उजुरीको हिस्सा ३५.९५ प्रतिशत छ । त्यस्तै, शिक्षाका १४.५५, भूमि प्रशासनका ६.०९, वन तथा वातावरणका ४.१४, स्वास्थ्य तथा जनसंख्याका ३.१२, भौतिक पूर्वाधार तथा यातायातका ४.१० र गृह प्रशासनका ३.५८ प्रतिशत उजुरी परेका छन् । त्यसपछि क्रमशः पर्यटन, उद्योग तथा वाणिज्य, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी तथा सरसफाइ, कृषि तथा पशुपक्षी, सञ्चार तथा सूचना प्रविधिसम्बन्धी उजुरी छन् ।

गत आवमा अख्तियारले एक हजार एक सय ३३ उजुरीउपर विस्तृत छानबिन गरेको थियो । सात हजार आठ सय ६९ उजुरी तामेलीमा राखिएको छ । एक सय ५२ उजुरीमाथि सुझाव दिई तामेली गरिएको र नौ हजार ६ सय ४५ उजुरीउपर कानुनबमोजिम अन्य आवश्यक कारबाहीका लागि लेखी पठाइएको वार्षिक प्रतिवेदनमा उल्लेख छ । गत वर्ष अख्तियारले एक हजार एक सय ३३ उजुरीमाथि विस्तृत अनुसन्धान गरेको थियो । नौ हजार दुई सय ६८ उजुरी चालू आवमा जिम्मेवारी सरेका छन् । गत आवमा अख्तियारले एक सय ६२ वटा मुद्दा विशेष अदालतमा दायर गरेको छ । विस्तृत अनुसन्धान भएकामध्ये ६ सय ५६ उजुरी तामेलीमा, ६३ वटामा सम्बद्ध निकायहरूलाई सुझाव, २७ मुल्तबी र २९ वटामा अन्य निर्णय भएको अख्तियारले जनाएको छ ।

गत आवमा अख्तियारले अदालतमा दायर गरेकामध्ये ६४ मुद्दा गैरकानुनी लाभ हानी, ३२ वटा घुस रिसवत, २७ वटा सार्वजनिक सम्पत्तिको हानि–नोक्सानी, १३ गैरकानुनी सम्पत्ति आर्जन, आठ शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र, सात राजस्व चुहावट र ११ विविध विषयका छन् । सबै मुद्दामा गरेर अख्तियारले सात सय ६६ जनालाई प्रतिवादी बनाएको छ । त्यसको कुल बिगो एक अर्ब ७७ करोड ५८ लाख ४६ हजार रुपैयाँ छ ।

अख्तियारले दायर गरेका मुद्दामा एकजना सचिव, १० सहसचिव, ५८ उपसचिव, एक सय ४६ शाखा अधिकृतसहित दुई सय १४ प्रतिवादी अधिकृतस्तरका छन् । सहायक तथा सहयोगीस्तरका एक सय ४४ जना छन् भने निर्वाचित मनोनीत दुई सय नौजना, मतियार विचौलिया र अन्य एक सय ९८ जना छन् ।

गत आवमा अख्तियारले विशेष अदालतमा दायर गरेका मुद्दामध्ये तीन सय ४१ वटाको फैसला भएको छ । त्यसमध्ये एक सय १४ वटामा मात्र ठहर भएको छ । यो ३३.४३ प्रतिशत मात्र हो । सर्वोच्च अदालतको फैसलाबमोजिम रँगेहात कारबाहीमा आयोगले प्रमाणका लागि उपलब्ध गराएको रकममार्फत भएका कारबाहीसम्बन्धीका मुद्दा खारेज गरेका कारण कसुर कायम हुने अनुपातमा कमी आएको अख्तियारको भनाइ छ । गत आवमा अख्तियारले विशेषका फैसलाउपर दुई सय ३७ वटा मुद्दा सर्वोच्चमा पुनरावेदन गएको छ । अख्तियारले भ्रष्टाचार निवारणका लागि सरकारलाई विभिन्न सात बुँदामा सुझावसमेत दिएको छ ।

पेमेन्ट गेटवे...

पृष्ठ १ बाट क्रमशः

विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवसमेत रहेका राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन अध्यक्ष सञ्जय शर्मा, तत्कालीन कार्यकारी निर्देशक प्रणिता उपाध्याय, तत्कालीन उपनिर्देशक/कार्यकारी निर्देशक सुनील पौडेलविरुद्ध मुद्दा दायर गरेको छ ।

पौडेल नेपाल टेलिकमका बहालवाला प्रबन्ध–निर्देशकसमेत हुन् । त्यस्तै, केन्द्रका तत्कालीन निर्देशक तथा हालका उपनिर्देशक सफल श्रेष्ठ, तत्कालीन सहायक निर्देशक रमेशप्रसाद पोखरेल, तत्कालीन लेखा अधिकृत निमबहादुर वली, तत्कालीन लेखा अधिकृत रामबहादुर बुढा, केन्द्रका कम्प्युटर इन्जिनियर रामशरण गायकसमेतलाई अख्तियारले प्रतिवादी कायम गरेको छ । उनीहरूको संयुक्त मिलेमतो र योजनामा भ्रष्टाचार भएको अख्तियारको ठहर छ ।

गेटवे खरिदको भ्रष्टाचार कसुरमा संलग्न तत्कालीन सचिव तथा केन्द्रका अध्यक्ष शर्मा, तत्कालीन कार्यकारी निर्देशक उपाध्याय, तत्कालीन उपनिर्देशक पौडेल, तत्कालीन लेखा अधिकृत बुढा, तत्कालीन सहायक निर्देशक पोखरेल, कम्प्युटर इन्जिनियर गायक र अर्थ मन्त्रालयका तत्कालीन सहसचिव मरासिनीविरुद्ध भ्रष्टाचार भएको २३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँलाई संयुक्त बिगो कायम गरिएको छ । उनीहरूविरुद्ध ऐनबमोजिम आठदेखि १० वर्षको कैद सजाय माग गरिएको छ । सचिव शर्मा तथा तत्कालीन कार्यकारी निर्देशकद्वय उपाध्याय र पौडेलविरुद्ध थप तीन वर्ष कैद सजाय दाबी गरिएको छ ।

त्यस्तै, सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक तथा हाल उपनिर्देशक श्रेष्ठविरुद्ध १७ लाख ९९ हजार सात सय बिगो कायम भएको छ । उनले पेमेन्ट गेटवेको म्याद सकिएको सम्झौताको समेतमा परामर्शदाताले तालिमसम्बन्धी कार्य सम्पन्न गरेको प्रतिवेदन पेस गरी भुक्तानी दिन मनासिव भएको भनी प्रथमपटक तालिमबापतको पूरा र पुनः आंशिक भुक्तानीका लागि दोहोरो प्रतिवेदन पेस गरी १७ लाख ९९ हजार सात सय भुक्तानी दिएका थिए । केन्द्रका तत्कालीन लेखा अधिकृत वलीले कानुनविपरीत ८९ लाख ७७ हजार तीन सय ९७ रुपैयाँ भुक्तानी दिई भ्रष्टाचारजन्य कसुर गरेको अख्तियारको दाबी छ । त्यही रकमलाई बिगो कायम गरेर अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको छ ।

गेटवे खरिद भ्रष्टाचारमा उद्योगसचिव मरासिनीको भूमिका प्रमुख देखिएको अख्तियारको दाबी छ । अर्थ मन्त्रालयमा बजेट महाशाखा प्रमुख हुँदा उनले नीति तथा कार्यक्रममा समावेश नभएको तथा केन्द्रले बजेट नै माग नगरेको नेसनल पेमेन्ट गेटवे खरिद शीर्षकमा बजेट विनियोजन गरिदिएको आरोपपत्रमा उल्लेख छ ।

उनले अन्तरमन्त्रालय बजेट प्रणाली (एलएमबिआइएस) मा बजेट प्रविष्टिका नियमित चरणहरूमा पर्ने कुनै पनि कार्य नगरी, त्यससम्बन्धी तयारीको आवश्यक कागजातसमेत समावेश नगरी मातहत र माथिल्लो निकाय तथा अधिकारीलाई जानकारी नदिई बजेट सिलिङभन्दा बाहिर गएर २५ करोड रकम विनियोजन गरी बजेट (रातो किताब)मा समावेश गरेको अख्तियारको दाबी छ । मरासिनीले आफूलाई प्राप्त अख्तियारीको दुरुपयोग गरी लापरबाही बदनियतले ११ जेठ ०७४ मा एलएमबिआइएसमा बजेट प्रविष्ट गरेको अख्तियारको ठहर छ । ०७४/७५ को बजेट वक्तव्यमा गेटवे स्थापनार्थ केन्द्रका नाममा बजेट विनियोजन गरिएको थियो ।

अर्थले दिएका बजेटबाट केन्द्रले २३ करोड २७ लाख ५८ हजार ७७ रुपैयाँमा नेसनल पेमेन्ट गेटवे खरिद गरेको थियो । पेमेन्ट गेटवे खरिद र सञ्चालनको विषय सजिलो थिएन । खरिदका लागि सार्वजनिक खरिद नियमावलीबमोजिम गुरुयोजना तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐनअनुसार खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृति लिनुपर्ने तथा सञ्चालनका लागि प्राविधिक मात्र नभई बैंकिङ कारोबारसम्बन्धीको ज्ञान, कानुनी व्यवस्था, सरोकारवालासँग आवश्यक समन्वयसमेत अनिवार्य हुन्थ्यो । तर, यस्ता अनिवार्य गर्नुपर्ने कार्यहरूसमेत नगरी बजेट विनियोजन र खरिदको प्रक्रिया अघि बढाइएको भेटिएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

बजेट विनियोजन भएपछि नेसनल पेमेन्ट गेटवे खरिदमा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्षसमेत रहेका तत्कालीन विज्ञान तथा प्रविधिसचिव सञ्जय शर्माको भूमिका अख्तियारले प्रमुख रूपमा औँल्याएको छ । लागत अनुमान स्वीकृत भएको भनी झुटा विवरण राखेर अन्तर्राष्ट्रिय आशयपत्र माग गरिएको थियो । त्यसमा टिप्पणीमार्फत शर्माले स्वीकृत गरेका थिए ।

खरिद गर्दा प्रचलित कानुनबमोजिम गर्नुपर्ने खरिदअघि अध्ययन, सरोकारवालाहरूको पहिचान, लागत अनुमान स्वीकृत, गुरुयोजना तथा कानुनी आधारको तयारी, गेटवेको मुख्य प्रणालीसँग अन्तरआबद्ध गर्ने आवश्यक पूर्वाधार, बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वयलगायतका अनिवार्य कार्य नगरिएको भेटिएको छ ।

बजेट विनियोजन भएपछि केन्द्रले २४ करोड ७५ लाख २२ हजार आठ सय ४६ रुपैयाँको लागत अनुमान तयार गरेको थियो । केन्द्रले १९ असार ०७५ मा एक महिनाभित्र कार्य सम्पन्न गर्ने गरी सिएमए स्मल सिस्टमसँग २४ करोड २७ लाख ८० हजार पाँच सय ७२ रुपैयाँमा सम्झौता गरेको थियो ।

बजेट घुसाएका कारण सहसचिव दोषी, फाइनल गर्ने सचिव र संसद्मा बजेट पढ्ने मन्त्री निर्दोष !

नेसनल पेमेन्ट गेटवे खरिद प्रकरणमा अख्तियारले अनौठो नजिर प्रतिपादन गरेको छ । अख्तियारले तत्कालीन बजेट महाशाखा प्रमुख मरासिनीलाई प्रमुख दोषी करार गरेको छ । तर, त्यही बजेटलाई अन्तिम रूप दिने सचिव र संसद्मा बजेट पढ्ने मन्त्रीलाई भने उन्मुक्ति दिएको छ । उक्त आर्थिक वर्षको बजेट कृष्णबहादुर महराले ल्याएका थिए ।

यस सम्बन्धमा अख्तियारले तत्कालीन अर्थसचिव शान्तराज सुवेदी र राजस्वसचिव शिशिरकुमार ढुंगानाको पनि बयान लिएको छ । बयानमा सुवेदीले अर्थसचिवको हैसियतले सम्पूर्ण बजेट तयारी र त्यसलाई अन्तिम रूप दिने जिम्मेवारी र भूमिका भए पनि सम्बन्धित निकायसँग तहतहमा छलफल भएर आएको बजेटलाई अन्तिम रूप दिइने बताएका छन् । गेटवे खरिदमा पनि सम्बन्धित निकायको सहमति/माग नभई बजेट विनियोजन नहुनुपर्नेमा आफू विश्वस्त भएको बताएका छन् । राजस्वसचिव ढुंगानाले भने बजेट निर्माणको मुख्य जिम्मेवारी बजेट तथा कार्यक्रम महाशाखाको भएको बताएका छन् । बजेट निर्माणलाई अन्तिम रूप दिई आय–व्यय अनुमानको विवरण (रातो किताब) तयार गर्ने कार्य तथा जिम्मेवारी महाशाखाको भएको र बजेटलाई अन्तिम टुंगो लगाउने विषयमा कुनै समस्या आए वा छलफल गर्नुपर्ने भए मात्र सचिव/मन्त्रीसमक्ष आउने बताएका छन् । गेटवे पनि महाशाखाबाटै टुंगिएको हुनुपर्ने उनले बयानमा बताएका छन् । तर, अख्तियारले बजेटलाई अन्तिम रूप दिने सचिव र बजेट वक्तव्यमाथि अन्तिम निर्णय गर्ने मन्त्रीलाई छाडेर महाशाखा प्रमुखविरुद्ध मात्र मुद्दा दायर गरेको छ ।

चार महिनामा...

पृष्ठ १ बाट क्रमशः

त्यस्तै,सञ्चार मन्त्रालयका सचिव राउतविरुद्ध बहुचर्चित ललितानिवासको सरकारी जग्गा हिनामिना प्रकरणमा मुद्दा लागेको हो । उनले ०६६/६७ मा शाखा अधिकृत छँदा बालुवाटारस्थित प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुखको निवास विस्तार गर्ने नाममा भूमाफियाको योजनाअनुसार अगाडि बढेको सट्टाभर्नासम्बन्धी निर्णयमा टिप्पणी उठाएका थिए । गत १० भदौमा काठमाडौं जिल्ला अदालतमा दायर भएको ललितानिवासको सरकारी जग्गा हिनामिनामा दुई सय ३९ जनाविरुद्ध मुद्दा दायर भएको थियो । यस किर्ते मुद्दामा पाँच पूर्वसचिवलाई समेत प्रतिवादी बनाइएको थियो । उक्त मुद्दामा पूर्वसचिवहरू छविराज पन्त, दीप बस्न्यात, दिनेशहरि अधिकारी, रवीन्द्रमान जोशी र नारायणगोपाल मलेगोलाई प्रतिवादी कायम गरिएको छ । यस मुद्दामा पूर्वसचिव मलेगोविरुद्ध ११ करोड ५९ लाख ९२ हजार दुई सय १३ र पूर्वसचिव पन्त र बस्न्यातविरुद्ध समान १० करोड ५१ लाख १२ हजार नौ सय तीन रुपैयाँ बिगो दाबी गरिएको छ । पूर्वसचिव अधिकारी र जोशीविरुद्ध समान एक करोड आठ लाख ७९ हजार तीन सय १० रुपैयाँ बिगो दाबी गरिएको छ ।

आपराधिक...

पृष्ठ १ बाट क्रमशः

संवैधानिक भूमिका सम्झाएका हुन् । राष्ट्रपतिका प्रेस संयोजक खिला कार्कीका अनुसार उनले संसदीय व्यवस्थाको मान्यताअनुसार मन्त्रिपरिषद्ले गरेको निर्णयको जस–अपसजको भागी सरकार नै हुने भएकाले प्रश्न पनि सरकारतिरै केन्द्रित गर्न भनेका थिए । संविधानले राष्ट्रपतिलाई विवेक प्रयोग गर्न दिएको ठाउँमा आफूले प्रश्न उठाएर ३४ जनाको आममाफीका लागि गृह मन्त्रालयबाट आएको पत्र फिर्ता गराएको राष्ट्रपतिले रास्वपा नेताहरूलाई स्मरण गराएको सचिवालयको भनाइ छ ।

‘हाम्रो संविधान, हाम्रो गणतन्त्र र हाम्रो संसदीय व्यवस्था तपाईंहरूले बुझ्नुभएको छैन भन्ने मलाई लाग्दैन । तपाईंहरू संसद्मा हुनुहुन्छ, सरकार पनि संसद्मा नै छ, त्यहीँ तपाईंहरूले प्रधानमन्त्री, गृहमन्त्रीलाई किन जवाफदेही बनाउन सक्नुभएन र सोझै यहाँ आउनुभयो ? अलिकति यो संविधान र व्यवस्थाअनुसार प्रक्रिया मिलेन कि जस्तो लाग्यो,’ राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै कार्कीले भने । रास्वपा सभापति लामिछानेले अभिभावकको हैसियतले राष्ट्रपतिलाई सरकारको ध्यानाकर्षण गराइदिन आग्रह गरेका थिए । मुलुककै अभिभावक भएको नाताले राष्ट्रपतिज्यूसँग सरकारको ध्यानाकर्षण गराइदिन आग्रह गर्नु आफूहरूको हक भएको लामिछानेको जिकिर थियो ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने वारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति २०८०/०६/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक ।

यस डेभलपमेण्ट बैंकबाट कर्जा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको दुलेगौडा शाखा कार्यालयबाट विपन्न वर्ग कर्जा शीर्षक अर्न्तगत लिनू भएको कर्जाको सांवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नू पर्नेमा हाल सम्म नतिरी नबूझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नू भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चूक्ता भूक्तान गर्ने तर्फ कूनै चासो नदेखाई बेवास्ता गर्नू भएको हूनाले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बूझाउनू पर्ने बांकी ऋणको सांवा, व्याज, हर्जाना व्याज तथा अन्य दै दस्तूर रकम समेत चूक्ता भूक्तान गर्नू हून सम्बन्धित ऋणी तथा जमानीकर्तालाई, यसै सुचना मार्फत सुचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसूर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सोको नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कूनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाकी रकम असूल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असूल उपर हून नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिवाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालो सुचीमा सुचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीः डम्बर कुमारी गुरुङ्ग बाबुको नामः बेल वहादुर गुरुङ्ग पतिको नाम : खोम बहादुर गुरुङ्ग ससुराको नाम : मन बहादुर गुरुङ्ग ठेगाना : भरतपोखरी-०७, कास्की हालको ठेगाना :पोखरा-०८, कास्की नागरिकता नं. : १४७२७३ जारी गर्ने कार्यालय :.जि.प्र.का, कास्की जारी मिति :२०६१/०२/२४ **कर्जा शिर्षक : विपन्न वर्ग कर्जा** **कर्जा लिएको शाखा कार्यालय : दुलेगौडा,तनहुँ**	**क) नामः. मिलन गुरुङ** बाबुको नामः खोम बहादुर गुरुङ बाजेको नामः मन बहादुर गुरुङ ठेगाना : लेखनाथ-१८, कास्की हालको ठेगाना : पोखरा-०८,कास्की नागरिकता नं. :४६-०१-७१-११६१४ जारी गर्ने कार्यालय : जि.प्र.का, कास्की जारी मिति :२०७१/१२/२३ **ख) नामः चित्रमाया गुरुङ्ग** बाबुको नाम : बेलबहादुर गुरुङ्ग पतिको नाम : तेज बहादुर गुरुङ्ग ससुराको नाम : भेष वहादुर गुरुङ्ग ठेगाना : रुपाकोट-०७, कास्की हालको ठेगाना : पोखरा-३२,कास्की नागरिकता नं. १६८८५७ जारी गर्ने कार्यालय : जि.प्र.का, कास्की जारी मिति :२०६३/०३/०७

सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय तनहुँमा श्री डम्बर कुमारी गुरुङको नाममा जग्गा धनी दर्ता श्रेस्ता कायम रहेको जिल्ला, तनहुँ मैवल वडा नं. ०७, स्थित कित्ता नं. १६ को क्षेत्रफल १७४८.७९ व.मी. को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सशस्त्र प्रहरीका...

पृष्ठ १ बाट क्रमशः

लागू हुँदा संगठनलाई थप चुस्त बनाउन सहयोग पुग्ने बताइएको छ ।

नयाँ ऐनको मस्यौदामा सशस्त्र प्रहरी महानिरीक्षक (आइजिपी) र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजिपी)को पदावधि समान तीन–तीन वर्ष बनाउने प्रस्ताव छ । हाल महानिरीक्षक, अतिरिक्त महानिरीक्षक र नायब महानिरीक्षकको पदावधि चार वर्ष छ । अतिरिक्त महानिरीक्षक र नायब महानिरीक्षकको भने त्यसमा एक वर्ष थप गर्न सकिने पनि उल्लेख छ । महानिरीक्षक र अतिरिक्त महानिरीक्षकको तीन तथा सशस्त्र प्रहरी नायब महानिरीक्षकको पदावधि चार वर्ष मात्र बनाउने प्रस्ताव गरिएको छ ।

उच्च पदको पदावधि धेरै हुँदा तल्लो तहको अधिकृतको बढुवामा ढिलाइ भएको र वृत्ति विकासमा असर परेको निष्कर्षका आधारमा यस्तो प्रस्ताव गरिएको अधिकारीहरूले बताएका छन् । हालका सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल उमेर तथा सेवाहदका आधारमा चार वर्ष नै नेतृत्व गर्न पाउने भए पनि उनले आफ्नै पदावधि घटाउने प्रस्ताव अघि बढाएका हुन् ।

नयाँ प्रावधानले केही उच्च अधिकारीको करिअर प्रभावित हुन सक्छ । तर, व्यक्तिभन्दा संगठनको दीर्घकालीन हित हेरेर पदावधि हेरफेर गर्न लागिएको सशस्त्र प्रहरी स्रोत बताउँछ । तल्लो तहको वृत्ति विकास हेरेर उच्च तहको पदावधि घटाउने प्रस्तावबारे गृहकार्य भइरहेको सशस्त्र प्रहरी बलका प्रवक्ता एसएसपी राजेन्द्र खड्काले बताए । ‘पदावधि तथा अवकाशका प्रावधान हेरफेरसम्बन्धी विषय छलफलमै छ,’ उनले भने, ‘ऐन नै संशोधन गर्न लागेकाले यसमा समय लाग्न सक्छ ।’

हाल सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) सात र सशस्त्र प्रहरी उपरीक्षक (एसपी)को पदावधि १० वर्ष छ । डिआइजीभन्दा तल्लो तहमा पदावधिको प्रावधान हटाउन लागिएको छ । डिआइजीदेखि आइजिपीसम्मको पदावधि ५८ वर्ष तथा त्योभन्दा तल्लो तहका प्रहरीको ५५ वर्ष उमेरहदले मात्र अवकाश हुने प्रस्ताव गरिएको छ ।

हालको ३० वर्षे सेवाहद हटाउने र पदावधि तथा उमेरहद हटाउने प्रावधान अघि बढाइएको गृह मन्त्रालयका एक उच्च अधिकारीले बताए । ३० वर्षे सेवाहद हटाउँदा तल्लो तहका अधिकृतको बढुवामा समस्या आउन सक्ने भएकाले पनि उच्च तहको पदको पदावधि घटाउन लागिएको हो ।

हालको सशस्त्र प्रहरी नियमावलीको प्रावधानअनुसार बढुवा समितिले सय पूर्णांकमा तजबिजीका आधारमा ५ नम्बर दिन सक्ने व्यवस्था छ । प्रस्तावित ऐन संशोधनमा त्यसलाई घटाएर २ नम्बर मात्र दिने व्यवस्था गरिएको छ । यसले बढुवामा हुने चलखेल धेरै हदसम्म नियन्त्रण हुने सशस्त्र प्रहरी अधिकारी बताउँछन् । बढुवा समितिले दिने नम्बर घटाएर तालिमको नम्बर बढाउन लागिएको छ । त्यस्तै, विभूषणबापतको नम्बर पनि हटाउन लागिएको छ । सशस्त्र प्रहरीको बढुवामा हाल सय पूर्णांकमा सबैभन्दा धेरै कार्यसम्पादन मूल्यांकनमा ४० र ज्येष्ठतामा २० नम्बर राखिएको छ । त्यस्तै, भौगोलिक क्षेत्रमा काम गरेको ८, शैक्षिक योग्यताको ७, तालिमको १३, चुनौतीपूर्ण तथा विशेष जिम्मेवारीको ५, विभूषणको २ र बढुवा समितिले दिने ५ नम्बर छ ।

नौ महिनाअघि...

पृष्ठ १ बाट क्रमशः

नेपालस्थित मेडिसोलुसन प्रालिले आयात गरेको हो । कार्डियोथोरासिक एन्ड भास्कुलर सर्जन तथा क्यान्सर रोग विशेषज्ञ अस्पताल निर्देशक डा. भट्टराईले टेन्डरका वेला आयतकर्ताले बुझाएको एसएस कोडअनुसार मेसिन उपलब्ध नगरेपछि जडान नभएको बताए । ‘सम्झौतामा उल्लेख भएको देश र स्पेसिफिकेसन कोडमा फरक देखिएपछि मेसिन जडान गर्ने कुरै भएन,’ उनले भने । भट्टराईका अनुसार मेसिन खरिदबापतको कुल २७ करोडमध्ये ६० प्रतिशत भुक्तानी भइसकेको छ । थप भुक्तानी रोकिएको छ । सम्झौता भएपछि १० प्रतिशत, भन्सारमा आएपछि ५० प्रतिशत, अस्पतालमा पुगेपछि २० प्रतिशत र मेसिन सञ्चालनमा आएपछि २० प्रतिशत रकम दिने सम्झौतामा उल्लेख छ । सुशील कोइराला प्रखर अस्पतालमा किमो र अप्रेसनको सुविधा भने छ । यो अस्पतालमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका नागरिकले सेवा लिने गरेका छन् ।

लिन्याक मेसिनको एसएस कोड र आयात भएको देशको नाम फरक परेपछि क्यान्सर अस्पतालले छानबिनका लागि स्वास्थ्य मन्त्रालयसँग गुहार गरेको थियो । स्वास्थ्यको पाँचसदस्यीय छानबिन टोलीले पनि कुनै निकास दिन सकेन । मेसिनमा भएको एसएस कोड र आयातकर्ताले टेन्डरमा हालेको एसएस कोडको बारेमा छानबिन टोलीले कुनै निर्णय गर्न नसकेको निर्देशक डा. भट्टराईले बताए । स्वास्थ्यको टोलीले मेसिन जडान गर्न दिने, तर सञ्चालनमा आएपछि मात्र ४० प्रतिशत भुक्तानी दिनू भनी परिपत्र गरेको थियो । त्यही भएर आफूहरूले मेसिन सञ्चालनमा ल्याउन नसकेको उनको भनाइ छ । विज्ञटोलीले परीक्षण गरेर प्रमाणित गरेमा मात्र अस्पतालले सबै भुक्तानी दिने उनले बताए ।

कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/६/१६


कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७३/११/२२ मा दर्ता नं. १६४९५५/०७३/०७४ मा दर्ता भै संचालनमा रहेको प्रकृति एग्रो फार्मस प्रा.लि. कम्पनीको मिति २०८०/०४/२१ मा बसेको विशेष साधारणसभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी एग्रीकल्चर प्राउड प्रा.लि.ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०/०५/१५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सानिमा रिलायन्स लाईफको पुनर्जागरण अभियान

ग्राहक महानुभावहरुको सुविधालाई मध्य नजर गरी कम्पनीले नविकरण नभएका बीमालेखका लागि शतप्रतिशत विलम्ब शुल्क सहितको पुनर्जागरण अभियान शुरु गरेको सहर्ष जानकारी गराउँदै सम्पूर्ण बिमीतहरुलाई यस मौकाको फाइदा उठाउन अनुरोध छ । उक्त पुनर्जागरण अभियान यही असोज १६ गते देखि २६ गते सम्म लागू हुनेछ ।

SANIMA RELIANCE LIFE INSURANCE
नयाँ वानेश्वर, काठमाडौं, नेपाल
फोन नं: ०१-४७९७१२४
info@sanimareliancelife.com
www.sanimareliancelife.com

भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.सं. २००६/०४/०७

स्वर्गारोहण : वि.सं. २०८०/०६/०४

स्व. नानीछोरी महर्जन

यस विद्यालयका नि.मा.वि. इन्चार्ज तथा परीक्षा संयोजक श्री गौतम महर्जनको ममतामयी माता श्रीमती नानीछोरी महर्जनको स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिमा मृतआत्माको चीरशान्तिको कामना गर्दै स-परिवारमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भन्ने कामना सहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

प्रिन्सिपल
तथा
ब्राईट फ्यूचर मा.वि. परिवार
नैकाप, काठमाडौं

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०६/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : भैरहवा, रुपन्देही

ऋणीको विवरण

प्रहलाद प्रसाद यादवको नाति, परशराम प्रसाद यादवको छोरा, रुपन्देही जिल्ला, रोहिणी गा.पा./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **विद्या प्रसाद यादव (ना.प्र.प.नं.: ३७३००१/१५५, रुपन्देही)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पुल्लु यादवको नाति, प्रहलाद प्रसाद यादवको छोरा, रुपन्देही जिल्ला, रोहिणी गा.पा./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **परशराम प्रसाद यादव (ना.प्र.प.नं.: २/२६६, रुपन्देही)**

२. प्रहलाद प्रसाद यादवको बुहारी, परशराम प्रसाद यादवको पत्नी, रुपन्देही जिल्ला, रोहिणी गा.पा./न.पा. . वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **गुजराती यादव (ना.प्र.प.नं.: ९/८३५, रुपन्देही)**

३ प्रहलाद प्रसाद यादवको नाति, परशराम प्रसाद यादवको छोरा, रुपन्देही जिल्ला, धकधई गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **अनिल कुमार यादव (ना.प्र.प.नं.: ३७३००१/२६९, रुपन्देही)**

४. परशराम प्रसाद यादवको बुहारी, विद्या प्रसाद यादवको पत्नी, रुपन्देही जिल्ला, धकधई गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **लक्ष्मी कुमारी यादव (ना.प्र.प.नं.: ३७-०१-७३-०३०१९, रुपन्देही)**

५. परशराम प्रसाद यादवको बुहारी, अनिल कुमार यादवको पत्नी, रुपन्देही जिल्ला, रोहिणी गा.पा/न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **सन्ध्या यादव (ना.प्र.प.नं.: ३७-०१-७४-०४०१६, रुपन्देही)**

शाखा कार्यालय : स्याङ्जा

ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, स्याङ्जामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७७/१०/०७ मा प्रा.फ.न. ४५८/०७७/०७८ कायम भई दर्ता भएको स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. १, अभियानपथ स्थित **अनुदादा रेष्टुरेण्ट एण्ड फ्रिर हाउस**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महवतको नाति, मुहमद अलिको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **अनुवर अलि (ना.प्र.प.६८३९,स्याङ्जा)**

२. मुहमद अलिको बुहारी, अनुवर अलिको पत्नी, स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **रमजानी खातुन (ना.प्र.प.४२१०६२/९७४७८, स्याङ्जा)**

३. मुहमद अलिको नाति, अनुवर अलिको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **अमिर अलि (ना.प्र.प.४२-०१-७१-०१६५४, स्याङ्जा)**

४. मुहमद अलिको नाति, अनुवर अलिको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **असरफ अलि (ना.प्र.प.४२-०१-७६-०१७६६,स्याङ्जा)**

मंगलबार १६ असोज ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

१९औँ एसियाड

डेब्यु जितमै पदकनजिक कबड्डी

भारतमा एक महिना प्रशिक्षण गरेको नेपाली कबड्डी टोलीले बंगलादेशलाई ३७-२४ ले हराउँदै कांस्य पदकको सम्भावना बलियो बनायो

हाङझाउमा **श्रीलोचन राजोपाध्याय**
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

१९औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)मा महिला कबड्डी खेल समावेश हुने तय भएसँगै राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पनि नेपाली महिला टोलीलाई सहभागी गराउने निश्चित गऱ्यो । त्यो वेलासम्म कबड्डीलाई केवल अन्तर्राष्ट्रिय एक्सपोजर र अनुभव बटुल्नका लागि मात्र एसियाडमा पठाउन लागेको राखेपले जनाएको थियो । राखेप र नेपाल ओलम्पिक कमिटीले यसलाई पदक जित्ने लिस्टमा अनुसूची गरेका थिएनन् । नेपालका सम्बन्धित उच्च निकायका पदाधिकारीहरूको पदक भित्र्याउने लिस्टमा करौंते, बक्सिङ, तेक्वान्दोजस्ता खेललाई राखेका थिए । ती खेललाई विशेष तयारी गराइयो । दैनिक निगरानी र वैदेशिक प्रशिक्षणमा पठाइएको थियो ।

यसबाहेक अन्य खेलबाट उनीहरूले पदकको आशा नै गरेका थिएनन् । यद्यपि, खेलाडीहरूलाई भारतमा प्रशिक्षण गराउने व्यवस्था गरिएको थियो । राखेपले महिला कबड्डीलाई पनि एक महिना प्रशिक्षण गर्न भारत पठाएको थियो । त्यही भारतमा एक महिना प्रशिक्षण लिएको कबड्डी सोमबार १९औँ एसियाडमा कसैले कल्पना नगरेको उपलब्धितर्फ उन्मुख भएको छ ।

एसियाडको डेब्यु खेलमै महिला कबड्डीले छिमेकी बंगलादेशलाई जिआओसान गुआली स्पोर्टस् सेन्टरमा ३७-२४ ले हरायो । बंगलादेशमाथिको जितको विशेष अर्थ छ । यो जितले पदकविहीन हुने अवस्थामा पुगेको नेपाललाई जडीबुटी प्रदान गरेको छ । अर्थात्, नेपाल लगभग महिला कबड्डीबाट पदक जित्ने बाटोमा हिँडेको छ । समूह 'ए'मा नेपाल, इरान र बंगलादेश छन् । इरान र बंगलादेशबीच खेल मंगलबार हुँदै छ । फेरि इरानले अघिल्लो संस्करणमा स्वर्ण जितेको थियो ।

इरानले सहजै बंगलादेशलाई हराउने अपेक्षा छ । इरानको जितले नेपाल अन्तिम चारमा पुग्नेछ । प्रतियोगिताको नियमअनुसार समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् । सेमिफाइनलमा पराजित दुवै टोलीलाई कांस्य पदक प्रदान गरिनेछ । यस अर्थमा नेपाल सेमिफाइनल निकै नजिक पुगेको छ । यसका लागि नेपाललले इरान र बंगलादेशबीचको खेल प्रतीक्षा गर्नुपर्छ ।

बंगलादेशविरुद्ध नेपालले १५ मिनेटको पहिलो हाफमा २१-१६ को अग्रता लिएको थियो । दोस्रो हाफमा नेपालले थप उत्कृष्ट प्रदर्शन गरी समग्रमा बंगलादेशलाई ३७-२४ ले निराश पाऱ्यो । डेब्यु खेलमा नेपाली महिला कबड्डीले ऐतिहासिक जित हात पाऱ्यो । नेपालले सन् २०१९ को १३औँ दक्षिण एसियाली खेलकुद प्रतियोगितामा पनि बंगलादेशलाई हराएको थियो । नेपाल फाइनलमा भारतसँग पराजित भएको हो । नेपालको महिला कबड्डी इतिहासमा १३औँ सागमा रजत जित्नु नै अहिलेसम्मकै बृहत् उपलब्धि हो ।



एसियाडको डेब्यु खेलमै बंगलादेशलाई हराएपछि खुसियाली मनाउँदै महिला कबड्डी टोली

ऐतिहासिक जितमा दंग

एसियाडको डेब्यु खेलमै ऐतिहासिक जित निकाल्दा खुसी नहुने कुरै हुँदैन । नेपालले बंगलादेशलाई २४ स्कोरमा रोक्दै जित निकाल्दा खेलाडी एरिनाभित्र नै उफ्रँदै-उफ्रँदै खुसी मनाएका थिए । उनीहरू एकआपसमा खुसी साटासाट गर्न व्यस्त देखिन्थे । कोही नेपालको राष्ट्रिय झन्डा अफिसियलसँग माग्दै थिए । कोही भने आफ्ना टिममेटसँग आँसु झारिराखेका थिए । जितसँगै नेपाललाई पदकनजिक पुऱ्याउँदा पनि उनीहरूको खुसीको सिमाना नै रहेन । नेपाली टोलीकी कप्तान मेनुकाकुमारी राजवंशीले विभिन्न अप्ठ्यारोको सामना गरी एसियाड खेल्न आएको बताइन् । 'हामीले एसियाडमा भाग लिनुअघि धेरै समस्याको सामना गर्नुपरेको थियो, यसबीच पनि यहाँ आज हामीले ऐतिहासिक जित निकाल्यौं,' हर्षित हुँदै उनले भनिन्, 'सम्भवतः हाम्रो पदक निश्चितजस्तै छ, पदक लगाउन नजिक पुग्दा हामी सबै खुसी छौं ।'

बंगलादेशको पनि भारतमै चार महिना प्रशिक्षण

बंगलादेशले एसियाडका लागि भनी आफ्ना खेलाडीलाई भारतमै चार महिना प्रशिक्षण गराएको थियो । एसियाडमा पदक जित्न सक्ने सम्भावना भएकाले बंगलादेश कबड्डी एसोसिएसनले आफ्ना खेलाडीलाई विशेष प्रशिक्षणका लागि भारत रोजेको थियो । संघबाट राम्रो साथ पाएको बंगलादेशी खेलाडीले राम्रो तयारी गरेका थिए । त्यही पृष्ठभूमिमा भने नेपाली खेलाडीले केवल एक महिना मात्र भारतमा वैदेशिक प्रशिक्षणको अवसर पायो । भारतबाट फर्केपछि नेपाली महिला खेलाडीले सोचेजस्तै अभ्यास गर्न पाएनन् । नेपालमा निकै सामान्य प्रशिक्षण गरी हाङझाउ आएको हो । 'हामीले हरियाणामा एक महिना अभ्यास गऱ्यौं,' कप्तान राजवंशीले भनिन्, 'अभ्यास खेल पनि राम्रो भएकाले बंगलादेशसँग सहज भएको हो ।' राजवंशीले लगभग डेढ दशक कबड्डीमै समय बिताएकी छिन् ।

कबड्डी हल बनाइदिनुहोला

मेनुकाकुमारी राजवंशी, कप्तान, नेपाल कबड्डी

एसियाडमा कबड्डी प्राथमिकतामा छैन । यो खेल बिस्तारै ओझेलमा पर्दै गएको छ । अहिले हामी ऐतिहासिक पदकनजिक छौं । क्रिकेट, भलिबल, बास्केटबलजस्तै कबड्डीका लागि पनि अभ्यास गर्ने एउटा हल हुनुपऱ्यो । हल नहुँदा हामीले एसियाली खेलकुदका लागि राम्रो अभ्यास गर्न पाएनौं । मैले कबड्डी खेल्न थालेको १५ वर्ष भएको छ । यस खेलमा लागेदेखि नै एसियाड खेल्ने सपना देखेकी थिएँ । आज यो पूरा भएको छ । म मात्र नभएर टोलीमा रहेका हरेक खेलाडीको एसियाड खेल्ने मनोकांक्षा पूरा भएको छ । अझ यसमा हामीले ऐतिहासिक जित निकालेका छौं, त्योभन्दा अरू बढी खुसी के हुन सक्छ । नेपाली खेलाडीका लागि एसियाड भनेको नै ओलम्पिकजस्तै हो । हामी ओलम्पिक खेल्न सक्दैनौं, तर त्यही स्तरमा हामीले एसियाडमा भाग लिएर अनुभव बटुल्न सक्छौं । हरियाणाको एकदमै गर्मीमा अभ्यास गरेर जेका लागि मिहिनेत गरेर पसिना बगाएका थियौं, आज त्यो पूरा भयो ।

पदकनजिक पुग्दा बयान गर्न शब्द छैन

पार्वती राई, प्रशिक्षक, नेपाल कबड्डी

हामी एसियाडमा पहिलोपटक सहभागी भएको खेलमै पदकनजिक पुगेका हौं । डेब्यु खेलमा ऐतिहासिक जित निकाल्यौं । पदकनजिक पुग्दाको क्षण शब्दमा बयान गर्न सक्ने अवस्था नै छैन । खेलाडीलाई अवसर दिँदा केही असम्भव छैन भन्ने प्रमाणित भएको छ । लामो सयम बन्द प्रशिक्षण र सुविधा दिए नेपालले पदक जित्न सक्छ । हामीले कठिन अवस्थामा पनि अभ्यास गरेका थियौं । खेलाडीले पनि कुनै गुनासो नगरी मिहिनेत गर्दा यो सफलता हात पार्न सफल भयौं ।

भारोत्तोलन : शारदालाई पाँचौं स्थान

भारोत्तोलनअन्तर्गत समूह 'बी'को महिला ६४ केजीमा नेपालकी शारदा चौधरी पाँचौं स्थानमा रहेकी छिन् । उनले स्न्याचमा ७० तथा क्लिन एन्ड जर्कमा ८८ केजी गरी १५८ केजी भार वहन गरेकी हुन् । स्न्याचको पहिलो लिफ्टमा ७० केजी र तेस्रो लिफ्टमा ७४ केजी उचाल्ने प्रयास गरेकी शारदा असफल भइन् । शारदाले क्लिन एन्ड जर्कमा उठाएको ८८ केजी पहिलो लिफ्टमा हो । शारदाले क्लिन एन्ड जर्ककै दोस्रो र तेस्रो लिफ्टमा समान ९४-९४ केजी भार वहन गर्ने प्रयास सफल भएन । यससँगै भारोत्तोलनमा नेपाली महिला खेलाडीको यात्रा समाप्त भएको छ । यसअघि टीकामाया गुरुङले प्रतिस्पर्धा गरेकी थिइन् । पुरुष खेलाडी विशालसिंह विष्ट, विकास भट्ट र सागर भण्डारी राष्ट्रिय रेकर्डसम्म नजिक पुग्न सकेनन् ।

ब्याडमिन्टन : दुवै टोली प्रिक्वार्टरफाइनलमा

ब्याडमिन्टनको मिक्स डबल्स र पुरुष डबल्समा नेपाल प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको छ । दुवै स्पर्धामा नेपाल २-० को सोझो सेटमा विजयी भयो । बिन्जियाङ जिम्न्यासियममा भएको मिक्स डबल्समा नेपालका विष्णु कटुवाल र नङसल तामाङको जोडीले मंगोलियाका जोल्जाया र खेर्लेन दरखान्बटारको जोडीलाई २१-१६ र २१-१७ को सोझो सेटमा पराजित गऱ्यो । अर्को मिक्स डबल्समा सिंगापुरका तेरी काइ यङ ही र हान वेइ जेसिका तानको जोडीले सहज जित निकाल्ने क्रममा नेपालका जीवन आचार्य र निता लम्सालको जोडीमाथि २१-४ र २१-३ ले हराए । पुरुष डबल्समा नेपालका जीवन आचार्य र विष्णु कटुवालको जोडीले माल्दिभ्सका निबल अहमद र अज्फान मोहम्मद रसिदको जोडीलाई २१-१७ र २१-१८ को सीधा सेटमा हरायो । सोही स्पर्धामा थाइल्यान्डका पिरात्चाई सुक्फुन र पाकापोन तिरारत्सकुलको जोडीले नेपालका प्रिन्स दाहाल र सुनील जोशीको जोडीलाई २१-८ र २१-५ ले पन्छाए । पुरुष एकलमा जापानका केन्टा निसिमोटोले नेपालका प्रिन्स दाहाललाई २१-१२ र २१-७ ले हराए । थाइल्यान्डका कान्ताफोन वाङचारियोनले नेपालका सुनील जोशीलाई २१-७ र २१-९ को सोझो सेटमा पाखा लगाए ।

एथलेटिक्स : कुमाल तेस्रो हिटमा चौथो

एसियाडको उद्घाटन भएको र समापन हुने रंगशालामा एथलेटिक्सको पुरुष आठ सय मिटर दौडमा नेपालका सोमबहादुर कुमाल आफ्नो तेस्रो हिटमा चौथो भएका छन् । उनको हिटमा नेपालसहित सातै राष्ट्रका सात खेलाडी थिए । हाङझाउ ओलम्पिक स्पोर्टस् सेन्टरमा कुमालले निर्धारित दूरी पूरा गर्न एक मिनेट ५०.३८ सेकेन्ड सयम खर्चे । हिटको समग्रमा २१ मध्ये कुमाल ११औँ स्थानमा रहे । सोमले २ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । उनी यसअघि नै चार सय मिटर दौडबाट बाहिरिइसकेका छन् ।

ट्रायथलन : नेपाल ११औँ स्थानमा

ट्रायथलनको मिक्स रिलेमा नेपालले ११औँ स्थान प्राप्त गरेको छ । मिक्स रिलेमा १२ राष्ट्रको सहभागिता रहेको थियो । नेपालबाट मौलिक महर्जन, युस्का महर्जन, बसन्त थारू र श्रेबी महर्जनले प्रतिस्पर्धा गरेका थिए । मंगोलिया अन्तिममा रह्यो । नेपाली खेलाडीले कुनै पनि समयमा राम्रो टाइमिङ निकाल्न सकेनन् ।

नेपाल आज भारतसँग भिड्दै

आइसिसी टी-२० वरीयतामा शीर्ष स्थानमा रहेको भारतसँग नेपालले ऐतिहासिक खेल खेल्दै

एक महिनाभित्र नेपाली राष्ट्रिय क्रिकेट टोलीले दोस्रोपटक अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा भारतविरुद्ध खेल्न अवसर पाएको छ । चीनको हाङझाउमा चलिरहेको १९औँ एसियाडअन्तर्गत क्रिकेटको क्वार्टरफाइनलमा नेपालले भारत प्रतिद्वन्द्वी पाएको छ । क्वार्टरफाइनलको ड्र निकालिँदा नेपालले आइसिसी टी-२० विश्वकपको पहिलो संस्करणको उपाधि जितेको भारतलाई विपक्षी पाएको हो । गत महिना मात्र नेपाली सिनियर टोलीले एसिया कपको समूह 'ए'मा भारतविरुद्ध प्रदर्शन गरेको थियो । एसिया कपको डेब्युमै नेपालले विश्व क्रिकेटकै महारथी राष्ट्र भारतविरुद्ध ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरी वाहवाही कमाएको थियो । यद्यपि, सो खेलमा नेपाल भारतसँग १० विकेटले पराजित भएको थियो ।

अन्तर्राष्ट्रिय टी-२० फम्र्याटमा नेपाल पहिलोपटक भारतसँग खेल्न लागेको हो । पछिल्लो आइसिसीको वरीयतामा भारत शीर्ष स्थानमा छ । आइसिसीले जारी गरेको वरीयताअनुसार भारतले नम्बर एक स्थान रक्षा गर्न दुई सय ६४ रेटिङ प्राप्त गरेको छ । नेपाल वरीयताको १६औँ स्थानमा छ । नेपालले एक सय ७९ रेटिङ बटुलेको छ । यसै महिनादेखि भारतमा एकदिवसीय विश्वकप सुरु हुँदै छ । भारतले विश्वकपलाई लक्षित गरेर एसियाडमा दोस्रो रोजाइका खेलाडी पठाएको छ । भारतमा रहेका खेलाडीहरू इन्डियन प्रिमियर लिगमा आबद्ध छन् ।

गत सिजन चम्केका रिंकु सिंह, यशस्वी जैसवाल, ऋतुराज गायकवाड, आवेश खान, अर्शदीप सिंह, शिवम दुबे, वासिन्टन सुन्दर र राहुल त्रिपाठीलगायतका खेलाडी भारतीय टोलीमा छन् । नेपालले टेस्ट टोलीमध्ये बंगलादेशसँग एक, आयरल्यान्डसँग तीन र जिम्बावेसँग दुईपटक टी-२० खेल खेलेको छ । नेपालले यस विधामा सबैभन्दा धेरै नेदरल्यान्ड्ससँग ९ खेल खेलेको छ । मलेसियासँग आठ खेल खेलेको छ । नेपालले हङकङ, केन्या र युएईसँग समान पाँच खेलमा भिडेको छ ।

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।०६।१६

यस कार्यालयबाट तपशिल बमोजिमको कार्यका लागि प्रकाशित सूचना बमोजिम दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक तथा प्राविधिक मुल्यांकन हुँदा तपशिल अनुसारको बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्यांकित समेत भएकोले सार्वजनिक खरिद ऐन ,२०६३ को दफा २७ को उपदफा २ एवम दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपशिल

सि.नं.	बोलपत्रको नम्बर र कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर र पि.एस. सहित)	सूचना प्रकाशित पत्रिका र मिति
२	RM/22/079-080, Construction of Malagiri Shanti Yogashram Ramechhap Municipality-8	एस. रामेछाप कन्स्ट्रक्सन प्रा.ली., रामेछाप	३,१७,०६,४०२.८८	२०८०/०३/२७ आर्थिक दैनिक

प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मितिः २०८०/०६/१६

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०४/१५ गते प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मुल्यांकनमा सारभुत रुपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०६/२३ (10-Oct-2023) गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (बाहौं संशोधन समेत) को नियम ३१ज को उपनियम (५) र (६) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न.	ठेक्का न.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु
1.	1/DSMC/2080/081	Construction of RCC Motorable Bridge (Span 1X25) on Setopul Khola at Basant Tole on the way to Nawadurga Temple Ward No. 01 & 08 DSMC	१. प्रेम/ श्रीपुर जे. भी धनगढी, कैलाली २. श्री नन्देगडा कन्स्ट्रक्सन प्रा. लि. धनगढी, कैलाली ३. श्री शाजेन्द्रेश्वर निर्माण सेवा प्रा. लि. धनगढी, कैलाली ४. श्री महरा/चण्डिका जे. भी. महेन्द्रनगर, कंचनपुर
2.	2/DSMC/2080/081	Construction of RCC Motorable Bridge (Span 1X20) on Kailali Khola Behind Sathi Hotel Ward No. 01 & 02 DSMC	१. श्री प्रेम डेभलपर्स ग्रुप प्रा. लि. धनगढी, कैलाली २. श्री नन्देगडा कन्स्ट्रक्सन प्रा. लि. धनगढी, कैलाली ३. श्री शाजेन्द्रेश्वर निर्माण सेवा प्रा. लि. धनगढी, कैलाली ४. सुरु/आकृति जे. भी. काठमाण्डौ ५. श्री महरा/जयश्री/देवहरी जे. भी. भीमदत्तनगर, कंचनपुर

प्रमुख प्रशासकीय अधिकृत

Invitation for Bids

Office of Mahakulung Rural Municipality
Bung, Solukhumbu

Invitation for Bids No: MRM/2080/81/cons/01

Date of publication: 03-10-2023 AD

1. **Office of Mahakulung Rural Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of **Construction of ward no-1 office building** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 1,30,99,405.12 (with VAT & PS).**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Mahakulung Rural Municipality, Bung, Solukhumbu ward No. 1, phone no. 9852824400, mail:mahakulung.rum@gmail.com and web site: mahakulungmun.gov.np,** PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased online by eligible Bidders upon payment of a non-refundable fee of **Nrs 3000** till **3- 11-2023 AD** during office hours.

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Everest bank Limited
   Name of Office : Mahakulung Rural Municipality
   Office Code no. : GA-01.1 AANTRIK RAJASWA KHATA MAHAKULUNG GA.PA.
   Office Account : 08300106200008
4. Pre-bid meeting shall be held at **Office of Mahakulung Rural Municipality, Bung, Solukhumbu** at 16-10-2023 AD 12:00 hours.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00** Hours on **5-11-2023.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** hours on **5-11-2023** at the office of **Office of Mahakulung Rural Municipality, Bung, Solukhumbu.** Bids must be valid for a period of **120** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format amounting to a minimum of **NRs 280000**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing /submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com